प्रारम्भिक बाल विकास तथा शिक्षामा
सिकाइ सहजीकरणका लागि

# स्थानीय सिकाइ सामग्री विकास सहयोगी पुस्तिका



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रारम्भिक बाल विकास तथा शिक्षामा

सिकाइ सहजीकरणका लागि

# स्थानीय सिकाइ सामग्री विकास सहयोगी पुस्तिका

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# भूमिका

प्रारम्भिक बाल विकास तथा शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक तरिकाले सिकाइ क्रियाकलाप अगाडी बढाउन सिकाइ सामग्रीहरू आवश्यक पर्छ । बालविकास उमेरका बालबालिकालाई बजारमा भएका महँगा सामग्रीले मात्र सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन सकिन्छ भन्ने सोचलाई हटाएर स्थानीयस्तरमा नै उपलब्ध हुने सामग्री तथा मूल्य नै नपर्ने वा कम मूल्यमा पाइने सामग्रीबाट नै शिक्षक, अभिभावक वा बालबालिकाकै मदतबाट सहज र सरल तरिकाले सामग्री विकास गरी प्रयोग गर्न सकिन्छ भन्ने सोचले यो पुस्तिका तयारी गरीएको हो । यसको विकास क्रममा शिक्षक, अभिभावक तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, क्रियाकलाप निर्माणमा भएको विकास तथा परिवर्तन र स्थानीय आवश्यकता तथा बालविकासको सन्दर्भबिच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सिकाइ सहजीकरणका लागि यो सहयोगी सामग्री विकास गरीएको छ ।

विद्यालय शिक्षाको पाठ्यक्रम विकासका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई उल्लिखित सन्दर्भहरूलाई समेत आधार मानी प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम, २०७७ ले निर्दिष्ट गरेका उद्देश्य तथा सक्षमतालाई मध्यनजर गरी यो सामग्री विकास गरीएको छ । शिक्षामा भएका नवीनतम सोच एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने लक्ष्यसहित बालविकास तथा शिक्षाको मार्गचित्रमा आधारित भई उपयुक्त सिकाइ क्रियाकलापका लागि सामग्री विकास र प्रयोग गर्ने उद्देश्य राखिएको छ र साथै यसमा पाठ्यक्रममा समावेश गरीएका विभिन्न विषयलाई अन्तरसम्बन्धित गरी जीवनसापेक्ष बनाउने खालको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने उद्देश्य पनि राखिएको छ ।

विभिन्न विधाका शिक्षक, विशेषज्ञ तथा विज्ञहरूको सहभागितामा सञ्चालन गरीएका विभिन्न कार्यशालाका माध्यमबाट विकास गरीएको मस्यौदामा विभिन्न क्षेत्रबाट प्राप्त सुझावहरू लिई थप पृष्ठपोषणसमेतलाई आधार मानेर परिमार्जित स्वरूपमा तयार गरी नेपालका सम्बन्धित सबै विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत शिक्षक एवम् सहजकर्ताहरूबाट प्रयोग गर्ने गरी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएको हो ।

यो सामग्री तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने विज्ञ तथा विशेषज्ञ, शिक्षक एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो सामग्रीको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय क्रियाकलापको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरीएको छ । प्रारम्भिक बालविकास तथा शिक्षाको यो सामग्री गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि केन्द्रले प्रारम्भिक बालशिक्षक तथा यसका प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

धन्यवाद ।

वि.सं. २०८०
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

# सामग्री प्रयोगका सन्दर्भमा

**शिक्षण सामग्री निर्माण सहयोगी पुस्तिकाको उपयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू:**

१. विषयवस्तुसँग सम्बन्धित सिकाइ सामग्री सङ्कलन र निर्माण गर्न योजना बनाउनुहोस् ।
२. शैक्षिक सामग्री प्रयोग र सिकाइ प्रभावकारी विधि सिकाइ क्रियाकलाप गर्नु पूर्व नै पहिचान गर्नुहोस् ।
३. विषयवस्तुसँग सम्बन्धित भई स्थानीय वातावरणमा प्राप्त गर्न सकिने शैक्षिक सामग्री सङ्कलन तथा निर्माण गर्नुहोस् ।
४. शैक्षिक सामग्री चयन गर्दा कम मूल्य पर्ने, टिकाउ हुने, कम मिहिनेतमा उपलब्ध गराउन सकिने सामग्रीलाई प्राथमिकता दिनुहोस् ।
५. शैक्षिक सामग्री प्रयोग गर्दा विषयवस्तु र बालबालिकाको पूर्वअनुभवसँग सम्बन्धित भएर छलफल अन्तरक्रिया गराउनुहोस् ।
६. क्रियाकलाप गराउँदा विद्यालय वरपरको वातावरण अवलोकन गराउने गर्नुहोस् । त्यस्तो अवस्थामा निर्माण गरीएका सामग्रीसँगै लगी वातावरणीय वस्तुसँग सम्बन्ध कायम गराउनुहोस् ।
७. एउटै सामग्री बहुविषयसँग सम्बन्धित हुने भएकाले शैक्षिक सामग्री प्रयोग गर्दा सन्दर्भ मिलाउनुहोस् ।
८. सबै बालबालिकामा पहुँच पुग्ने गरी शैक्षिक सामग्री प्रयोग गर्नुहोस् ।
९. यस पुस्तिकामा उल्लिखित सामग्रीबाहेक विषयवस्तुसँग सम्बन्धित नयाँ सामग्री सङ्कलन र निर्माण गर्ने तरिका अपनाउनुहोस् । नयाँ नयाँ तरिकाबाट निर्माण गरीएका सामग्रीको प्रभावकारिता सम्बन्धित विषय विज्ञबाट प्रमाणित गराउनुहोस् ।
१०. शैक्षिक सामग्री व्यवस्थापन गर्दा विद्यार्थीले झिक्न र राख्न सक्ने गरी व्यवस्थापन गर्नुहोस् । चाहिएका बेलामा सजिलै प्राप्त गर्न सक्ने गरी नाम, स्टिकर, सङ्केत टाँस्नुहोस् ।
११. एक पटक प्रयोग भएका सामग्री पुनः प्रयोग गर्न सकिने भएकाले सामग्रीलाई सुरक्षित गर्नुहोस् अर्थात् मुसा, आगो, पानीबाट जोगाउनुहोस् । बालबालिकालाई सामानको अपनत्वको भावना विकास गराउनुहोस् ।
१२. शैक्षिक सामग्री प्रयोग गर्दा बालबालिकाको सहभागिता र सहकार्यलाई ध्यान दिनुहोस् ।
१३. शैक्षिक सामग्री प्रयोग गर्दा ठोस, अर्धठोस र अमूर्त सामग्रीको क्रमलाई ध्यान दिनुहोस् । यसको मतलव ठोसवस्तुबाट धारणा नबसी अर्धठोस र अमूर्त सामग्रीको प्रयोग नगर्नुहोस् ।
१४. सामग्री प्रयोग गर्दा बालबालिकाको सुरक्षामा ध्यान दिएर चोटपटक नलाग्ने अर्थात् जोखिममुक्त हुने गरी प्रयोग गर्नुहोस् ।

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| खण्ड १ | परिचय | १ |
| खण्ड २ | सामग्री निर्माण | १० |
| १ | चित्रपत्ती | १० |
| २ | वर्णपत्ती | १३ |
| ३ | चित्र वा अक्षर चार्ट र डाइस | १५ |
| ४ | हाम्रो टिभी | १७ |
| ५ | ब्रोसर कार्ड | १९ |
| ६ | कविता र गीतपत्ती | २१ |
| ७ | खाद्य शृङ्खला | २३ |
| ८ | थोप्ले चित्रकार्ड | २७ |
| ९ | पजल | २८ |
| १० | कागजका सिन्का | ३२ |
| ११ | विभिन्न प्रकाका पकेट | ३४ |
| १२ | डोमिनो | ४० |
| १३ | नागपास | ४४ |
| १४ | शुभकामना कार्ड | ४५ |
| १५ | चङ्गा | ४६ |
| १६ | चाडबाड बोर्ड | ४८ |
| १७ | पात्रो वा क्यालेन्डर | ४९ |
| १८ | घडी | ५० |
| १९ | जन्मदिन चार्ट | ५१ |
| २० | समय र कामको चार्ट | ५२ |
| २१ | झन्डा | ५३ |
| २२ | हाम्रो वेशषभूषा वोर्ड | ५५ |
| २३ | नक्सा | ५६ |
| २४ | राष्ट्रिय चिह्नको चित्र जोडी | ५७ |
| २५ | विषयवस्तुमा आधारित शिक्षणका लागि स्थानीय रूपमा बनाउन सकिने केही सामग्री | ५८ |

# खण्ड १ परिचय

पूर्वप्राथमिक वा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि आधारभूत सिप साथै विषयगत सिप विकास गर्न उनीहरू अनुकूल र विषयवस्तु अनुसारका सामग्री तथा क्रियाकलाप प्रयोग गर्दा सिकाइको जग बलियो हुनुका साथै बालबालिकालाई जिज्ञासु तथा सक्रिय बनाउँछ । यसले बालबालिकाको सिकाइलाई दिगो बनाउनुका साथै सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउँछ । पूर्व प्राथमिक तहका बालबालिकाका लागि ठोस, अर्धठोस र अमूर्त वस्तुबाट उनीहरूकै पूर्वअनुभवलाई प्राथमिकतामा राखी छलफल, प्रश्नोत्तर, खेल, गीत जस्ता विधिबाट उनीहरूको रूचि र क्षमताअनुसारका क्रियाकलाप गर्नु गराउनुपर्छ । यो सिकाइका लागि पूर्वतयारी गराउने तह भएकाले सुनाइ, बोलाइ र विविध क्रियाकलापका माध्यमबाट शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र विषयगत सिप विकास गराउनुपर्दछ । यसले बालबालिकाको बुझाइ क्षमताको विकास हुन्छ र माथिल्ला कक्षामा सिकाइका लागि सहज हुन्छ । यसर्थ यस तहका बालबालिकाका लागि एकीकृत सिप विकास गराउन धेरैभन्दा धेरै सामग्रीको पहुँच सुनिश्चित गर्नुपर्छ । यस कार्यबाट बालबालिकाले रूचिपूर्ण सामग्रीको छनोटको अवसर प्राप्त गर्दछन् ।

पूर्वप्राथमिक तथा बालविकास कक्षामा तय गरीएका सबै विषयक्षेत्रका लागि आधारभूत सिप र विषयगत एकीकृत सिप सिकाइका लागि सिकाउनुपूर्व नै ठोस, अर्धठोस र अमूर्त सामग्रीहरू निर्माण तथा सङ्कलन गर्नुपर्छ । उदाहरणका लागि 'म र मेरो शरीर' विषयक्षेत्रमा आफ्नै शरीरका अङ्गहरूलाई ठोस वस्तुका रूपमा शैक्षिक सामग्रीको प्रयोग गर्न सकिन्छ । यसैगरी 'मेरो परिवार' विषयक्षेत्रका लागि बालविकास केन्द्र वा विद्यालयबाट नजिक रहेका बालबालिकाका परिवारलाई कक्षामा आमन्त्रित गरी छलफल गराउन सकिन्छ, जस्तै : परिवारका सदस्य गन्न लगाउने, परिवार बिचको नाता भन्न लगाउने र कोभन्दा को जेठो वा कान्छो भन्न लगाउने । क्रियाकलापको माध्यमबाट बालबालिकालाई सिकाउँदा सिकाइ प्रभावकारी र दीगो हुन्छ । यसका लागि गोलो घेरामा राखी सरल गीत गाउँदै समूह बनाउने खेल खेलाउने, उनीहरूले लगाएका लुगा अवलोकन गराउने, लुगाका रङहरू चिन्न, हेर्न र भन्न लगाउने गर्नुपर्छ । यस्तै साथी साथीबिच परिचयात्मक खेल खेल्न लगाउनुपर्छ । यसरी बालबालिका स्वयम्, उनीहरूका परिवार, र उनीहरूले लगाएका लुगा, लुगाका रङ र अन्य वस्तु ठोस शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिने छ । यसै गरी 'मेरो बालविकास केन्द्र' सहायक विषयक्षेत्रका लागि कक्षाकोठाभित्र रहेका ठोस वस्तु, कथाका किताब, कापी, सिसाकलम, रङ, डेस्क, बेन्च, टेबुल, दराज, मेच, पाटी र शिक्षणका लागि सङ्कलित अन्य सामग्रीहरू साथै विद्यालय बाहिर रहेका वस्तुहरू, खेल मैदान, बगैँचा, माटो, ढुङ्गा, बोटबिरूवा, पशुपन्छी, बाटो, घर, गाउँबस्तीका बारेमा हेरेर, छामेर, प्रयोग गरेर, छलफल गरेर वा प्रश्नोत्तर गरेर बालबालिकाको विकासात्मक आवश्यकता

र आधारभूत साथै विषयगत सिप विकासमा सहयोग गर्नुपर्छ । जुनसुकै क्रियाकलापको प्रारम्भमा ठोस वस्तुको प्रयोग गर्दै बालबालिकाको पूर्व अनुभवसँग जोडी छलफल प्रश्नोत्तर साथै आधारभूत र विषयगत सिप हासिल गराउने क्रियाकलाप गराउनुपर्दछ ।

बालबालिकाको आधारभूत सिप सिकाइका लागि वास्तविक तथा अवास्तविक दुवै प्रकारका सामग्री प्रयोग गर्नुपर्दछ । वास्तविक वस्तुहरू विषयवस्तुसँग सम्बन्धित स्थानीय परिवेशमा उपलब्ध वस्तु, जीवजन्तु, चरा, फलफूल, बोटबिरूवा आदि हुन् । विषयवस्तुमा आधारित एकीकृत सिकाइका लागि वास्तविक सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । वास्तविक वस्तुको अवलोकन, अनुभव गरेर बालबालिकालाई यसबारे अवधारणा बनाउन सहज हुन्छ । सिकाइ प्रभावकारिताका लागि विषयवस्तुअनुसार वास्तविक वस्तुको रङ, आकार, प्रकार, सङ्ख्या, बनावट, तापक्रम, स्वाद, ध्वनि उपयोगिता आदिको प्रत्यक्ष अनुभव बालबालिकाले गर्न सक्नु पर्छ । प्रारम्भिक उमेरका बालबालिकाले अनुभव, अभ्यास, नक्कल, समस्या समाधान गर्न यस्ता वास्तविक वस्तुको प्रयोग गरी एकीकृत रूपमा सिक्छन् ।

बालबालिकाको सिक्ने प्रवृत्ति तथा क्षमतालाई उनीहरूकै वरिपरि रहेका सामग्री तथा वातावरणले सहयोग पुऱ्याउँछ । उनीहरूमा रहेको अन्तरनिहित क्षमता विकासका लागि सिकाइस्तरमा निरन्तर सुधार ल्याउन प्रारम्भिक बालविकास कार्यक्रमले विभिन्न खेल सामग्रीको प्रयोगबाट सिक्ने प्रक्रियामा सहज तथा रमाइलो सिकाइ वातावरण समेत सिर्जना गर्दछ । बालबालिकाले रमाएर, खेलेर सिक्ने वातावरण तयार गर्नका लागि खेल सामग्री मात्र भएर हुँदैन । बालबालिकाको उमेरलाई ध्यानमा राखी त्यस्ता सामग्री तयार गर्न सिर्जनशील सोच, सिपालु हात र मिहिनेतको आवश्यकता पर्दछ ।

सोही सन्दर्भमा, यस **स्थानीय सिकाइ सामग्री विकास सहयोगी पुस्तिकामा** राखिएका विषयवस्तुअन्तर्गत ४८ देखि ६० महिना (४ वर्ष उमेर समूह) का बालबालिकाको सर्वाङ्गीण विकास तथा विद्यालय तयारीका लागि उनीहरूको विकास तथा सिकाइ क्षमता अभिवृद्धि गर्न हामीले प्रयोगमा ल्याउँदै आएका विभिन्न किसिमका सामग्रीहरू स्थानीय परिवेशअनुसार बालबालिकाको उमेरगत आधारमा सिकाइ क्रियाकलापमा प्रयोग गराउनका लागि तयार गरीएको छ । यस सहयोगी पुस्तिकामा उल्लेख गरीएका सामग्रीहरू विभिन्न विषयक्षेत्रमा मिल्ने भएकाले आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । यहाँ उदाहरण स्वरूप केही सामग्री निर्माण तथा प्रयोग विधि दिइएको छ ।

कुनै पनि क्रियाकलापमा सहजीकरण गर्दा निम्नानुसारका शैक्षिक सामग्रीहरूको पूर्वतयारी गर्नुपर्दछ । विषयवस्तुअनुसारका सामग्रीहरू प्राकृतिक रूपमा उपलब्ध हुने तथा थोरै खर्चमा तयार पार्न सक्ने दुवै खालका सामग्रीहरूको तयारी तथा प्रयोगलाई प्राथमिकता दिनुपर्छ ।

**सङ्कलन तथा सोझै उपयोग गर्न सकिने सामग्रीहरू**

| सामग्रीको नाम | सङ्कलन | प्रयोग गर्ने तरिका | प्रयोगबाट हासिल हुने सिप वा उपलब्धि |
|---|---|---|---|
| कपडा | नकाटिएका, काटेर बनेका टुक्रा, विभिन्न जाति, क्षेत्र, लिङ्ग र पेसाअनुसार | हेरेर, छामेर, नाम भनेर, प्रयोग गरेर, सामग्री निर्माण गरेर | रङ, आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता र भिन्नता, पुतलीलगायतका सामग्री निर्माण, सिँगारपटारका लागि उपयोग |
| सरसफाइका सामान | ऐना, साबुन, मन्जन, ब्रस, काइयो, रूमाल, नङकट जस्ता सामग्री | पहिचान र दैनिक व्यवहारमा उपयोग गरेर | विद्यार्थीलाई प्रत्यक्ष सरसफाइ क्रियाकलापमा सहभागी बनाई सामग्रीको उपयोग |
| भान्सामा प्रयोग हुने सामान | कराई, कसौडी, डाडु, पनिउँ, थाल, कचौरा, चुलेसी, सिलौटो, लोहोरो ठेकी, मदानी, जस्ता नमुना सामग्री | पहिचान र दैनिक व्यवहारमा उपयोग गरेर | सामग्रीसँग परिचित गराई प्रयोग गर्ने तरिकाको अभ्यास |
| खाद्यवस्तु | अन्न, तरकारी, गेडागुडी, कन्दमूल, मसला समूहमा पर्ने सामग्री | हेरेर, छामेर, चाखेर तथा भनेर | सामग्रीको परिचय र प्रयोग |
| बोटबिरूवाका पातहरू | वरिपरिका बोटबिरूवाबाट झरेका वा पुराना पातहरू | समूहकार्य (हेरेर, छामेर, नाम भनेर, प्रयोग गरेर), खेल विधि, गनाइ, च्याताइ, गँसाइ, उनाइ | समानता, भिन्नता, बुट्टा पहिचान र तुलना, गन्ने, च्यात्ने, गाँस्ने र उन्ने क्रियाकलापको उपयोग |
| फलका दाना | स्थानीय फलका दानाहरू (बोटबाट खसेका, प्रयोग भएर खेरजाने, काँडा तथा झुसहरू नभएको) | समूहकार्य (हेरेर, छामेर, नाम भनेर, प्रयोग गरेर), खेल विधि, स्पर्श, गनाइ, च्याताइ, गँसाइ, उनाइ | रङ, आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता, भिन्नता, पहिचान र तुलना, गन्ने, च्यात्ने, गाँस्ने र उन्ने क्रियाकलापको उपयोग |
| गट्टाहरू | गोला तथा लाम्चा आकारका चोट नलाग्ने ससाना ढुङ्गा | साबुन पानीले सफा गरेर तथा रातो, निलो तथा हरियो रङमा डुबाएर सामग्रीको तयारी र समूहकार्य, स्पर्श, गनाइलगायत | आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता, भिन्नता, पहिचान र तुलना, जोडघटाउ, पर्खाल, घर, पुलहरूलगायत निर्माण कार्यमा उपयोग |

| सामग्रीको नाम | सङ्कलन | प्रयोग गर्ने तरिका | प्रयोगबाट हासिल हुने सिप वा उपलब्धि |
|---|---|---|---|
| छेस्काहरू | बाँस वा अन्य सोझा सिन्काहरू | समूहकार्य (हेरेर, छामेर, नाम भनेर, प्रयोग गरेर), खेल विधि, स्पर्श, गनाइ र आवश्यकतानुसार प्रयोग गरेर | आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता, भिन्नता, पहिचान र तुलना, जोडघटाउ, पर्खाल, घर, पुलहरूलगायत निर्माण कार्यमा उपयोग |
| मकैका खोया | मकैका खोया (उमालेर बनाइएका नरम खोया) | समूहकार्य (हेरेर, छामेर, नाम भनेर, प्रयोग गरेर), खेल विधि, स्पर्श, गनाइ र आवश्यकतानुसार प्रयोग गरेर | आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता, भिन्नता, पहिचान र तुलना, जोडघटाउ, पर्खाल, घर, घेराबार, मालाहरूलगायत निर्माण कार्यमा उपयोग |
| बाँसको ढुङ्ग्रो | बाँस (१६ इन्च, १२ इन्च, ८ इन्च र ४ इन्चको आकारका काटेको भागमा खाक्सीले राम्ररी घोटेर छेस्काले नघोच्ने बनाउने) | अवलोकन गरेर, दुरबिनका रूपमा प्रयोग गरेर, आकार र आकृतिबिच तुलना गरेर, विभिन्न सामग्री निर्माण गरेर | आकृति, प्रयोग, बनोटलगायतका आधारमा समानता, भिन्नता, पहिचान र तुलना तथा सामग्री निर्माण तथा प्रयोग |
| पानी | सफा पानी र विभिन्न आकारका भाँडा | समूह कार्य (पानीमा डुब्ने, उत्रने, पग्लिने र नपग्लिने वस्तुहरूको रखाइ, विभिन्न आकारका भाँडामा पानी भराइ तथा खन्याइ) | अवधारणा विकास, पानीको उपयोग सम्बद्ध सिप विकास |
| यातायातका साधन (नमुना वा खेलौना) | बस, घोडा, रिक्सा, भरिया, मोटर, मोटरसाइकल, डुङ्गा, हवाईजहाज, लडिया, भेडा, ट्रक, साइकललगायतका चित्र वा नमुना वा खेलौना वा यथार्थ वस्तु अवलोकन | अवलोकन गरेर, प्रयोग गरेर, आकार र आकृतिबिच तुलना गरेर | साधन पहिचान, परिचय, विशेषता र उपयोगका क्षेत्र वर्णन, भ्रमणका लागि दुरी, ठाउँ र यातायातका साधनबारेको छलफल |

## यस पुस्तिकामा रहेका स्थानीय सामग्री र प्रयोगका सार

| सामग्रीको नाम | परिचय | प्रयोग | विशेषता |
|---|---|---|---|
| चित्रपत्ती | चित्र हेरी नाम भन्न प्रयोग गरीने सामग्री | खेल, छलफल, खोज, तथा प्रदर्शन विधिमा प्रयोग गरी चित्र चिनारी गर्न सकिने | एउटा मात्र चित्रबाट बनाइन्छ । |
| अक्षरपत्ती | अक्षर हेरेर पढ्न बनाइएको कार्ड | खेल, छलफल, खोज, तथा प्रदर्शन विधिमा प्रयोग गरी अक्षर चिनारी गर्न सकिने | एउटा मात्र अक्षरबाट बनाइन्छ । |
| चित्र वा अक्षर चार्ट र डाइस | चित्र वा अक्षरको समानता वा भिन्नता छुट्याउन र अनुभव गर्न प्रयोग गर्ने सामग्री | प्रदर्शन, खेल, खोज, छलफल, प्रश्नोत्तर विधिबाट अक्षर वस्तुको समानता र भिन्नता छुट्याउन | चित्र चार्टमा जुन अक्षर वा चित्र छ, गोटीमा पनि त्यही अक्षर वा चित्र प्रयोग गरी बनाइन्छ । |
| हाम्रो टिभी | कार्टुन बक्स वा भेनेस्टाका पाता वा फलेक वा अन्य स्थानीय तहमा उपयुक्त आकारका सामग्री जोडेर टिभीको आकारमा चित्र साथै चित्रकथा हेर्न र भन्नका लागि बनाएका सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, कथावाचन विधिबाट सिकाइ गरीने | हेर्दा टिभी जस्तै देखिन्छ, काठको लट्ठी घुमाएर कपडाको स्क्रिन तलमाथि सारिन्छ । प्लास्टिक वा कपडामा चित्रहरू टाँसिएको वा बनाएको हुन्छ । |
| ब्रोसर कार्ड | ब्रोसर कार्ड ११X१४ इन्चको मेटाकार्डलाई बराबर तीनभागमा फोल्ड गरी प्रत्येक फोल्डमा चित्र टाँसी बनाएको सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल विधिबाट सिकाइ गरीने | तीनओटा फोल्डमा ६ ओटा पाटा हुन्छन् । एउटा पाटामा एकै विषयका चित्र हुन्छन् । |
| कविता र गीतपत्ती | छोटा मिठा गीत वा कविताहरू हातेकार्डमा लेखेर बनाइएका सामग्री | गीत, प्रदर्शन, छलफल, प्रश्नोत्तर विधिबाट सिकाइ गरीने | हातेकार्डमा छोटा मिठा कविता वा गीत उल्लेख हुन्छ । |
| खाद्य शृङ्खला चार्ट | खाद्य शृङ्खला भन्नाले आफू र आफ्नो परिवारले दैनिक रूपमा खानामा प्रयोग गर्ने खाद्यवस्तु सङ्कलन गरी कक्षाकोठामा सहज रूपमा प्रयोग गर्न सक्ने गरी चार्ट वा पारदर्शी प्लास्टिकका बट्टामा राखिएका खाद्यसामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | चार्ट वा पारदर्शी प्लास्टिकका बट्टामा खाद्यवस्तु राखिएको हुन्छ । |

| सामग्रीको नाम | परिचय | प्रयोग | विशेषता |
|---|---|---|---|
| थोप्ले चित्र कार्ड | ११x१४ इन्चको पेपरमा म र मेरो परिवारजस्तै गरी वा अन्य विषयक्षेत्रसँग सम्बन्धित थोप्ले चित्र बनाएको कार्ड | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | चार्टमा एउटा थोप्ले चित्र हुन्छ । |
| कागजको सिन्का | गन्ती गर्न, विभिन्न वस्तुको आकृति निर्माण गरी अवधारणा दिन कागजबाट बनाएको सिन्का सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | कागजलाई बटारी लाम्चो र गोलो आकारमा बनाइन्छ । |
| चित्र पजल | १४x२२ इन्चको चार्टपेपरमा चित्र प्रयोग गरी निर्माण गरी बनाइएको सामग्री (यसका लागि चित्र कार्डहरू आवश्यक हुन्छ ।) | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | १५ओटा कोठा भएको चार्ट र चित्रपत्ती चित्र पजल हो । |
| सिन्के पपेट | पपेटमा सिन्का हाली प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग कथा अभिनय विधिबाट सिकाइ गरीने | एउटा पपेटमा एउटा चित्र र सिन्काको प्रयोग गरी जसले सिन्कामा समाएर प्रयोग गरीने । |
| हाते पपेट | वस्तुको आकारअनुसार कपडाभित्र नरम वस्तु राखी बनाइने सामग्री (पात्रअनुसार कथा भन्न, वस्तु वस्तुबिच कुराकानी गराउन, वस्तु चिनाउन आकर्षक हुन्छ ।) | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग कथा अभिनय विधिबाट सिकाइ गरीने | एउटा हाते पपेटमा एउटा वस्तुको आकृति देखिन्छ । |
| औँले पपेट | हत्केला र औँलाआकारमा कपडा सिलाएर बनाइएको सामग्री (फरक फरक औँलामा फरक फरक मानिस वा वस्तुको चित्र वा साजसज्जा गरी प्रयोग गरीन्छ ।) | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग, कथा अभिनय विधिबाट सिकाइ गरीने | कपडा सिलाएर हातको औँला वा पन्जा आकारको हुन्छ । प्रत्येक औँलामा फरक फरक मानिस वा विभिन्न वस्तुको चित्र वा साजसज्जा हुन्छ । |
| धागो पपेट | ४x५ आकारको मेटाकार्डमा चित्र टाँसी धागो उनेर बनाइएको सामग्री (यो सामग्री कथा भन्दा पात्रहरूको अभिनय गराउन आकर्षक हुन्छ ।) | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग कथा, अभिनय विधिबाट सिकाइ गरीने | चित्रकार्डमा धागो उनेको हुन्छ । |

| सामग्रीको नाम | परिचय | प्रयोग | विशेषता |
|---|---|---|---|
| डोमिनो (चित्र डोमिनो/शब्द डोमिनो) | चित्रसँग चित्र, र चित्रसँग शब्द पजल खेलको रूपबाट जोडा मिलाउन प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | एउटा कार्डमा एउटा चित्र वा शब्द हुन्छ । |
| नागपास | नागपास खेलको माध्यमबाट चित्र अङ्क चिन्ने र भन्ने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | वर्गाकार बाक्लो कागजको बोर्डमा २० ओटा कोठा हुन्छन्, कोठामा भऱ्याङ र सर्पका चित्र हुन्छन् । भऱ्याङका मुखमा सकारात्मक र सर्पका मुखमा नकारात्मक सन्देश दिने चित्र टाँसिएका हुन्छन् । घनाकार गोटीमा १,२,३...६ थोप्ला हुन्छन्, यो गोटी भुइँमा फालेर खेलिने खेल हो । |
| घर पजल | सग्लो घरको चित्र काटेका टुक्रा जोडी खेलको माध्यमबाट घरका विभिन्न भागहरूको अवधारणा दिने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | सग्लो घरको चित्र काटेर विभिन्न आकारमा बनाइएका टुक्रे चित्र हो । |
| फ्ल्यास कार्ड | बालबालिकालाई चित्र र शब्द चिनाउन, उच्चारण गर्न प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | एउटा फ्ल्यासकार्डमा एउटा चित्र र शब्द हुन्छ । |
| विषयवस्तुमा आधारित कार्यपुस्तिका (Work sheet) | (क) रङ नभरिएका विभिन्न वस्तुका चित्रमा वस्तुका रङ भर्न लगाएर सिकाउने प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने सामग्री<br>(ख) विषयगत सिप विकासका लागि निर्धारित क्रियाकलापमा आधारित सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग, अभ्यास विधिबाट सिकाइ गरीने | निश्चित आकारको चित्र कार्डमा रङ नभरिएको चित्रहरू हुन्छन् । क्रियाकलापमा आधारित पृष्ठाकार सामग्री विकास गरीन्छन् । |
| शुभकामना कार्ड | जन्मदिन, चाडपर्व उत्सवमा आफ्ना आफन्तलाई दिई भावनात्मक सम्बन्ध विकास गराउने सिकाइ सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | आफन्तका जन्मदिन वा अन्य उत्सवमा शुभकामना पाउनेको फोटो वा राम्रा तस्बिर राखी शुभकामना लेखेर दिई प्रयोग गरीन्छ । |

| सामग्रीको नाम | परिचय | प्रयोग | विशेषता |
|---|---|---|---|
| चङ्गा | आकारप्रकार, रङ, मनोरन्जन तथा सांस्कृतिक पक्षको बोध गराउन प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | वर्गाकार चङ्गा आकारको रङ्गीन कागजमा सिन्का र धागो प्रयोग गरी बनाइएको हुन्छ । |
| कार्डबोर्ड | चित्रको माध्यमबाट विषयवस्तुको जानकारी गराउने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | १०x१२ को बोर्डमा विषयवस्तु अनुसारका चित्र बनाएका अर्थात टाँसिएका । |
| पात्रो वा क्यालेन्डर | बार, गते, महिना वर्ष र विभिन्न चाडपर्वको जानकारी दिई सिकाउन प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | भित्तेपात्रो आकारमा बार गते, महिना, वर्ष र चाडपर्व उल्लेख भएको हुन्छ । |
| घडी | सेकेन्ड, मिनेट, घण्टा अर्थात् समय चिनाउन प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | चार्टपेपरमा भित्तेघडी आकारमा बनाइन्छ । |
| जन्मदिनको चार्ट | बालबालिकालाई उनीहरूका जन्मदिनको जानकारी गराउन तयार गरीएको सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | धागाले बेलुन र जन्म महिना र गते भएको कार्ड बाँधिएको हुन्छ । बेलुनमा सम्बन्धित विद्यार्थीको फोटो टाँसिएको हुन्छ । |
| समय र कामको चार्ट | बालबालिकालाई कुन समयमा के काम गर्ने भनी जानकारी गराउने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | चार्टपेपरमा कामको विवरण लेखी, घडी बनाएर टाँसिएको हुन्छ । |
| झन्डा | आकार, रङसहित नेपालको झन्डा चिनाउन प्रयोग गरीने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग विधिबाट सिकाइ गरीने | रातो, निलो, घाम र जून भएको तीनकुने नेपालको झन्डा आकारको हुन्छ । |
| वेषभूषा बोर्ड | विभिन्न जातजाति, उमेर समूह, लिङ्ग, भूगोलअनुसार लगाइने पहिरनको सिकाइका लागि तयार गरीएको सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग, खोज विधिबाट सिकाइ गरीने | चार्टमा विभिन्न प्रकारका पहिरनको चित्र बनाइएको अर्थात् टाँसिएको हुन्छ । |
| नक्सा | बालुवा, पिठो, काठको धुलो वा अन्य कुनै स्थानीय सामग्रीको प्रयोग गरी विभिन्न आकृति बनाउन सिकाइने सामग्री | प्रदर्शन, छलफल, प्रश्नोत्तर, खेल, प्रयोग, खोज विधिबाट सिकाइ गरीने | चार्टपेपरमा बनाएको सिन्के चित्र माथि फेविकोल लगाई बालुवा, पिठो, काठको धुलो आदि टाँसिएको हुन्छ । |

# स्थानीय सामग्रीबाट सर्वाङ्गीण विकास

यी सबै स्थानीय सामग्रीबाट बालबालिकाको सर्वाङ्गीण (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक, सांस्कृतिक) विकास गराउन खोजिएको छ । यहाँ दिइएका एउटै सामग्रीले सकेसम्म धेरै पक्षमा सहयोग पुग्ने किसिमका छन्, वा सामग्रीलाई विभिन्न क्रियाकलापमा जोडेर विभिन्न पक्षको विकास गर्न प्रयोग गर्न सकिन्छ । शिक्षकहरूले निम्न सर्वाङ्गीण विकासको खाकामा हरेक सामग्रीबाट के कस्तो पक्षको विकास गराउन सकिन्छ समीक्षा गर्नु हुनेछ ।

## सर्वाङ्गीण विकासको खाका

**सामाजिक विकास**
सामग्रीका माध्यमबाट बालबालिका मिलेर खेल्ने, ध्यानकेन्द्रित गर्ने, नेतृत्व लिने जस्ता सामाजिक सिपको विकास कसरी गराउन सकिन्छ ?

**शारीरिक विकास**
सामग्रीको प्रयोगबाट कस्ता अङ्गहरूको विकास हुने किसिमका खेल वा अभ्यास गराउन सकिन्छ ?




**संवेगात्मक विकास**
बालबालिकाले विभिन्न संवेग पहिचान तथा व्यवस्थापन गर्नमा सामग्रीले कसरी मद्दत गर्न सक्छ ?

**भाषिक विकास**
बालबालिकाको सुनाइ, बोलाइ, पूर्व पढाइ तथा पूर्व लेखाइमा सामग्रीले कसरी मद्दत पुऱ्याउन सक्छ ?

**बौद्धिक विकास**
सामग्रीबाट केकस्ता विषयवस्तुबारे ज्ञान बढ्छ ? के कस्ता विशेषताहरू थाहा हुन्छ ? के कस्ता तर्कहरू गर्न सक्षम हुन्छन् ?

**सांस्कृतिक विकास**
सामग्रीलाई स्थानीय खानपान, पहिरन, चालचलनसँग कसरी जोड्न सकिन्छ ?

# खण्ड २ सामग्री निर्माण

## १. चित्रपत्ती

कुनै पनि ठोस वस्तुलाई सिसाकलम र रङको प्रयोग गरी खाली पेपरमा जस्ताको त्यस्तै उतारिएको सामग्रीलाई चित्र भनिन्छ । भाषा उत्पादनका हिसाबले चित्रहरूलाई अन्तर्राष्ट्रिय भाषा भनिन्छ । चित्र एउटै छ तर भाषा फरक हुन्छ र पनि बुझाइ अर्थात् धारणा एउटै हुन्छ । त्यसकारण चित्रलाई अन्तर्राष्ट्रिय भाषा भनिन्छ । हाम्रो जस्तो विविध मातृभाषा बोल्ने समुदायका बालबालिकालाई सहज तरिकाले सिकाइ गर्न चित्र अत्यन्त महत्त्वपूर्ण सामग्री हुन्छ । कतिपय ठोसवस्तु कक्षामा उपलब्ध गराउन सकिँदैन । यस्तो अवस्थामा सिकाइका लागि चित्रको प्रयोग महत्त्वपूर्ण हुन्छ । कक्षामा उपलब्ध ठोस वस्तुलाई पनि चित्रको माध्यमबाट प्रस्तुत गराउँदा बालबालिकाले चित्र र ठोसवस्तुको सम्बन्ध आँकलन गर्न सक्दछन् र सिकाइ सरल हुन्छ । चित्रहरू प्रयोगका हिसाबले फरक फरक साइजमा निर्माण गर्न सकिन्छ । चित्रहरू दुई किसिमबाट बनाउन सकिन्छ । वस्तुगत चित्रलाई चित्रपत्तीमा बनाउन सकिन्छ भने विषयगत चित्रलाई ठुलो आकारमा बनाउन सकिन्छ ।



### उद्देश्य
प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि चित्रपत्ती निर्माण गर्नेछन् ।

### आवश्यक सामग्रीहरू
चार्टपेपर, चित्र पोस्टर वा चित्र प्रिन्ट, कैँची, विभिन्न आकारका मेटाकार्ड, सिसाकलम, स्केल, फेबिकोल, ब्रस, रङ, बालुवा, मार्कर, धागो, पन्चिङ

### सिकाइ विधि
अवलोकन, व्यक्तिगत कार्य, समूह खेल

### पूर्वतयारी
सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

### शैक्षणिक सामग्री निर्माण गर्ने तरिका
- चार्टपेपरलाई लम्बाइतिरबाट पट्याउनुहोस् र काट्नुहोस् । त्यसको आकार २८x२२ इन्चको हुन्छ ।
- पेपरलाई पुनः पट्याउनुहोस् र काट्नुहोस् । त्यसको आकार ११x१४ इन्चको हुन्छ ।
- पेपरलाई पुनः पट्याउनुहोस् र काट्नुहोस् । त्यसको आकार ७x११ इन्चको हुन्छ ।
- पेपरलाई पुनः पट्याउनुहोस् र काट्नुहोस् । त्यसको आकार ५.५x७ इन्चको हुन्छ ।
- पेपरलाई पुनः पट्याउनुहोस् र काट्नुहोस् । त्यसको आकार ३.५x५.५ इन्चको हुन्छ ।
- यस आकारमा तयार गरीएको चित्रपत्ती वा वर्णपत्तीबाट बालबालिकालाई समूहमा खेलाउन सजिलो हुन्छ । पकेट बोर्डमा प्रयोग गरीने पत्ती चाहिँ ४x५ इन्च आकारका नै बनाउनुहोस् ।
- त्यस चित्र प्रिन्टबाट चित्र काटेर निकाल्नुहोस् ।
- चित्रलाई गम वा फेबिकोल प्रयोग गरी चित्रपत्तीमा टाँस्नुहोस् ।
- चित्रमा गम वा फेबिकोल दल्नुहोस् र त्यसमाथि बालुवा तथा गहुँ वा कोदोका दाना चित्रमा टम्म मिल्ने गरी छाप्नुहोस् । यसरी चित्रमा बालुवा वा दाना छाम्दा, स्पर्श गर्दा बालबालिकाले उत्प्रेरणा पाँउछन् ।
- आकर्षक पार्न त्यस माथि चित्रसँग मिल्ने रङ दल्नुहोस् ।
- एक इन्च छाडेको भागमा मार्करले चित्रको नाम लेख्नुहोस् । यसरी चित्रकार्ड तयार हुन्छ ।

### प्रयोग गर्ने तरिकाहरू
**तरिका १**
- विद्यार्थीलाई गोलो घेरामा राख्नुहोस् । पालैसँग चित्रकार्ड देखाउनुहोस् र चित्रको नाम भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके आफैँले भन्नुहोस् ।
- त्यो चित्रसँग मिल्ने अरु सामग्री के के हुन सक्छन् (उदाहरणका लागि अङ्ग वा चरा), देखाउन वा छुन लगाई नाम भन्न लगाउनुहोस् । वस्तुको नाम भन्दा भाषिक शुद्धताको ख्याल गर्नुहोस् ।

- अब हामी खेल खेलौँ भन्नुहोस् । गोलो घेरामा बसेका बालबालिकालाई एउटा एउटा चित्रकार्ड बाँड्नुहोस् । चित्रकार्ड विषयवस्तुसँग सम्बन्धित गरेर बनाउनुहोस् । उदाहरणका लागि यसमा मेरो शरीरका बारेमा दिइएको छ ।
- एकछेउबाट खेल सुरु गर्नुहोस् । खेल सुरु गर्ने विद्यार्थीले आफूसँग भएको चित्र कार्डको नाम भन्ने छन्, जस्तै : कान । सँगै विद्यार्थीले आआफ्नो कान छुँदै "कान" भन्नेछन् ।
- त्यसपछि कानको चित्रकार्ड दाँयाको साथीलाई दिने छन् । अब दाँयाको साथीको पालो आउनेछ । उनीसँग दुईओटा चित्रकार्ड हुनेछ । पहिला आफूसँग भएको चित्रकार्ड देखाउने छन् र नाम भन्ने छन्, जस्तै : नाक । सबै विद्यार्थीले आफ्नो नाक छोएर "नाक" भन्नेछन् र उनले त्यो कार्ड दाँयाको साथीलाई दिने छन् ।
- यसै गरी सबै विद्यार्थीले सबै कार्डको नाम नभनुन्जेल खेलाउन सकिन्छ ।



**तरिका २**

- घनाकार वा चारपाटा भएको काठको गोटी लिनुहोस् । अङ्गका चित्रहरू बनाउनुहोस् वा प्रिन्ट गर्नुहोस् । चित्रकार्डमा जुन जुन चित्र छन् ती चित्रसँग मिल्ने चित्र गोटीका सबै भागमा टाँस्नुहोस् । चित्रकार्डलाई भुइँमा फिँजाउनुहोस् । विद्यार्थीलाई पालैसँग गोटी खेल्न दिनुहोस् । गोटीको माथि जुन चित्र पल्टिन्छ त्यो कार्ड गोटी हातमा हल्लाएर भुइँमा फ्हार्ने विद्यार्थीको हुन्छ । उनले फेरि गोटी हातमा हल्लाएर भुइँमा झार्न पाउने छन् । यसरी पालैसँग भुइँमा फिँजाएको चित्रकार्ड नसकुन्जेल गोटी हातमा हल्लाएर भुइँमा झार्न लगाउनुहोस् । अन्त्यमा जसको साथमा चित्रकार्ड बढी हुन्छ उनी विजेता हुनेछन् ।

**तरिका ३**

- सबै चित्रकार्ड लामो धागामा उन्नुहोस् र कक्षामा वारपार हुनेगरी टाँग्नुहोस् । विद्यार्थीलाई लहरमा राख्नुहोस् र लहरमा हिँड्दै चित्र देखाउँदै नाम भन्न लगाउनुहोस् ।
- सबै विद्यार्थीको दाहिने हत्केलामा एउटा एउटा चित्रकार्ड बाँधिदिनुहोस् । दुई विद्यार्थीलाई आमुन्ने सामुन्ने राख्नुहोस् । दुवै विद्यार्थीको चित्र कार्ड बाँधिएको हत्केलालाई पनि आमुन्ने सामुन्ने हुने गरी माथि उठाउन लगाउनुहोस् । त्यसपछि

दुवैहातका चित्रबिच परिचय र कामका विषयमा कुरा गराउनुहोस् । चित्र आमुन्ने सामुन्ने भएपनि कुराकानी गर्दा विद्यार्थीले नै बोल्नुपर्ने छ ।

**कुराकानीको नमुना**

- तिमी को हौ ?
- म कान हुँ । तिमी नि ?
- म आँखा हुँ ।
- तिमी के काम गर्छौ ?
- म त अरूले बोलेको सुन्ने गर्छु । अनि तिम्रो काम चाहिं के हो नि ?
- मेरो काम हेर्ने हो ।
- यसरी छोटो कुराकानी पालैसँग सबै विद्यार्थीलाई गराउन सकिने छ ।
- खेल खेलिसकेपछि सामग्री सङ्कलन गर्नुहोस् र सुरक्षित हुनेगरी राख्नुहोस् ।

यसैगरी अन्य विषयवस्तु जस्तै परिवारका सदस्यहरूको चित्र, परिवारका सदस्यहरूले लगाउने पोसाक, आफूले लगाउने पोसाक, आफूले गर्ने काम, परिवारका सदस्यहरूको काम, सरसफाइ गर्दै गरेका कार्यहरूलाई चित्रकार्ड बनाएर क्रियाकलाप गराउन सकिने छ ।

## २. वर्णपत्ती

बालबालिकालाई आफ्नो नाम, साथीहरूको नाम, आफ्ना परिवारका सदस्यहरूको नाम भन्दा सुरुमा कसरी उच्चारण हुन्छ भन्ने कुरा जानकारी गराउन वर्णपत्तीको प्रयोग गर्नु उपयुक्त हुन्छ । यसले वर्णपत्तीसँग खेल्दा खेल्दै अप्रत्यक्ष रूपमा अक्षर चिन्न सहयोग पुग्छ । उनीहरूले उच्चारण गर्ने बढीभन्दा बढी शब्दहरू साथीका नाम, दाइ, दिदी, बहिनीका नाम तथा आफूले प्रयोग गर्ने वस्तुका नाम हुन् । बालबालिकाले धेरैभन्दा धेरै उच्चारण गर्ने शब्दलाई खेलको माध्यमबाट प्रयोगमा ल्याउँदा छिटो बुझाइ हुने र पछिसम्म सम्झना रहने हुन्छ । यो क्रियाकलापले बालबालिकाको पूर्वअनुभवसँग प्रत्यक्ष सम्बन्ध राख्ने हुनाले खेल, कुराकानी, छलफल, प्रश्नोत्तरमा निर्धक्क सहभागी हुन सक्दछन् ।



### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि अक्षरपत्ती निर्माण गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

गत्ता कागज, चार्टपेपर, स्केल, फरक फरक साइजका मेटाकार्ड, ए फोर कागज, सिसाकलम, कलर, मार्कर पेन, कैँची, टेप, रङ्गीन कागज, स्ट्याप्लर, धागो, ढलान किल्ला, अक्षर माला

### सिकाइ विधि

अवलोकन, व्यक्तिगत कार्य, समूह खेल

### पूर्वतयारी

सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

### सामग्री निर्माण गर्ने तरिका

- चार्टपेपरबाट ३.५x५.५ इन्चको धेरै मात्रामा मेटाकार्ड तयार गर्नुहोस् ।
- मेटाकार्डको लम्बाइतिरबाट माथि र तल १.५x१.५ लम्बाइतिरबाट ०.५x०.५ इन्च छाडेर सिसाकलमले रेखा तान्नुहोस् । बिचमा २.५ वर्ग इन्चको कोठा बन्छ । त्यस वर्गकोठाभरी हुने गरी मार्करले ठुलो अक्षर लेख्नुहोस् ।
- अक्षरको रेखामा गम वा फेबिकोल दल्नुहोस् ।
- त्यसपछि फेबिकोल दलेको रेखामा मसिनो बालुवा राख्नुहोस् र रङ लगाउनुहोस् ।
- मेटाकार्डको माथि पन्चिङले प्वाल पार्नुहोस् । त्यसमा धागो उनेर माला लगाउन मिल्ने बनाउनुहोस् ।
- यसरी वर्णपत्ती तयार हुन्छ ।

### प्रयोग गर्ने तरिकाहरू

**प्रयोग गर्ने तरिका १ : नामबाट अक्षर चिन्ने खेल**

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- अक्षरपत्तीलाई विद्यार्थीको गोलो घेराको बिचमा फिँजाउनुहोस् ।
- पालैसँग विद्यार्थीको नाम भन्न लगाउनुहोस् ।
- विद्यार्थीले नाम भनिसकेपछि तिम्रो नाम त यो अक्षरबाट सुरु हुँदो रहेछ भन्नुहोस् र त्यो अक्षरपत्तीको माला लगाइदिनुहोस् ।
- यो प्रक्रियाबाट सबै विद्यार्थीलाई माला लगाइदिएपछि आफ्नो नाम भनेर आफू पनि अक्षरपत्तीको माला लगाउनुहोस् ।
- आफ्नो नामको सुरुको अक्षर कस्तो छ हेर र छाम भन्नुहोस् ।
- साथीका नामका अक्षर कस्ता छन्, पालैसँग छाम र हेर भन्नुहोस् ।
- हेरेर एवम् अक्षरमा बालुवा राखिएकाले औँलाको स्पर्शबाट अक्षरका आकारको अनुभव गर्न सहज हुन्छ ।

**प्रयोग गर्ने तरिका २**

- बालबालिकालाई पाँच पाँच जनाको समूहमा विभाजन गर्नुहोस् ।
- एउटै अक्षरबाट नाम आउने धेरै बालबालिका हुन सक्छन् त्यसैले समूह बनाउँदा फरक फरक अक्षरबाट नाम आउने विद्यार्थीको समूह बनाउनुहोस् ।
- सहजकर्ताले आफ्नो नामको माला लगाउनुहोस् र मेरो मालाको अक्षरसँग मिल्ने माला को कोसँग छ भनेर सोध्नुहोस् र बालबालिकालाई हात उठाउन लगाउनुहोस् ।
- जस्तै क बाट नाम आउने कला, काजल, किसन, कैलास, कोमल हुन सक्छ ।
- सहजकर्ताले सोध्नुहोस्, "मेरो मालाको जस्तै अक्षर को कोसँग रहेछ ? मेरो अक्षरमालासँग उनीहरूको माला किन मिलेको होला ? मेरो नामको अक्षरसँग कस कसको नाम मिल्दो रहेछ ?"
- यसै गरी अर्को अक्षरको माला भएको बालबालिकालाई अगाडि ल्याउनुहोस् र यसैगरी क्रियाकलाप गराउनुहोस् ।
- एउटा समूहलाई गोलो घेरामा उभ्भ्याउनुहोस् । पालैपालो सबैजनालाई सबै अक्षर औंलाले देखाएर पढ्न लगाउनुहोस् । अरु बाँकी समूहलाई पनि आआफ्नो समूहमा त्यसरी नै अभ्यास गर्न लगाउनुहोस् । पढ्दा कहिले सुल्टो र कहिले उल्टोबाट पनि गराउनुहोस् ।
- खेल खेलिसकेपछि सामग्री सङ्कलन गर्नुहोस् र सुरक्षित हुनेगरी राख्नुहोस् ।
- यो क्रियाकलाप परिवारका सदस्यको नामबाट पनि गराउन सकिने छ । यसरी क्रियाकलाप गराउँदा बालबालिकाले अक्षरको आकारमा हुने समानता र भिन्नता अनुभव गर्न सक्नेछन् ।
- यस सामग्रीसहितको क्रियाकलापले बालबालिकामा आधारभूत एवम् विषयगत सिपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

## ३. चित्र वा अक्षर चार्ट र डाइस



यो सामग्री बालबालिकाका लागि खेलको माध्यमबाट चित्र वा अक्षरको समानता वा भिन्नता छुट्याउन प्रयोग गरीन्छ । यो खेलेर सिक्ने हुँदा बालबालिकाहरू उत्साहित हुन्छन् । यो खेल बालबालिकाहरूको साना साना समूह बनाएर खेलाइन्छ । यसका लागि सबै बालबालिकालाई पुग्ने गरी सामग्री निर्माण गर्नुपर्दछ ।

**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि चित्र वा अक्षर चार्ट निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, स्केल, फरक फरक साइजका मेटाकार्ड, काठको डाइस (गोटी), एफोर कागज, सिसाकलम, कलर, मार्कर पेन, कैँची, गम, रङ्गीन कागज

**सिकाइ विधि**

अवलोकन, व्यक्तिगत कार्य, समूह खेल

**पूर्वतयारी**

सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

**सामग्री निर्माण गर्ने तरिका**

- ८x८ इन्चको मेटाकार्ड तयार गर्नुहोस् ।
- मेटाकार्डलाई लम्बाइतिरबाट बराबरका ६ ओटा कोठा बनाउनुहोस् ।
- हजुरबुबा, हजुरआमा, बुबा, आमा, दिदी, दाइका चित्र मेटाकार्डको कोठा साइज र डाइसको पाटा साइजका चित्र प्रिन्ट गरेर वा पुराना पुस्तक वा पत्रपत्रिकाबाट खोजेर तयार गर्नुहोस् । अन्य विषयवस्तुसँग सम्बन्धित गरेर चित्र सङ्कलन गरी यस्ता चार्टहरू बनाउन सकिन्छ ।
- डाइसको ६ ओटै पाटामा र मेटाकार्डको ६ ओटै कोठामा चित्रहरू टाँस्नुहोस् ।
- यसरी डाइस समूहमा एउटा एउटा पुग्ने गरी र चित्र चार्ट सबै विद्यार्थीलाई पुग्ने गरी बनाउनुहोस् ।
- चित्र चार्टको कोठा बराबर रङ्गिन पेपरबाट ६ ओटा टुक्राका दरले सबै बालबालिकालाई पुग्ने गरी तयार गर्नुहोस् ।

**प्रयोग गर्ने तरिका**

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई काठको गोटी र चित्र टाँसेको कार्ड र ६ ओटाका दरले कागजका टुक्रा उपलब्ध गराउनुहोस् ।
- खेलको नियम बताउनुहोस् । समूहमा एकजनाबाट खेल सुरु गर्नुहोस् । खेल सुरु गर्नेले चित्र डाइस हातमा हल्लाउनुहोस् र भुइँमा फाल्नुहोस् ।
- गोटीमा माथि आएको चित्र सानो टुक्रा कागजले ढाक्न लगाउनुहोस् ।
- अब डाइस अर्को साथीलाई दिनुहोस् । यसरी सबै सबै नढाकेसम्म पालैपालो खेल्नुहोस् ।

- जसले सबैभन्दा पहिला सबै चित्र ढाक्नुहुन्छ उहाँ नै खेलको विजेता हुनुहुन्छ ।
- यसरी प्रत्येक समूहले एक पटक खेल खेलिसकेपछि चित्र चार्ट र गोटी दाँया तिरबाट घुमाएर अर्को समूहमा दिनुहोस् र फेरि खेलाउनुहोस् ।
- यसरी सबै चार्ट र गोटीमा सबै समूहले नखेलेसम्म खेलाउनुहोस् ।
- खेल खेलिसकेपछि सामग्री सङ्कलन गर्नुहोस् र सुरक्षित हुनेगरी राख्नुहोस् ।

## ४. हाम्रो टिभी

यो शैक्षिक सामग्री कार्टुन बक्सा वा भेनिस्टाका पाता, फलेक वा अन्य उपयोगी स्थानीय सामग्री जोडेर टिभीको आकारमा बनाइन्छ । अहिलेको सर्न्दभमा बालबालिकाहरू टिभी तथा कम्प्युटरबाट चित्र तथा कार्टुन हेरेर रमाउने साथै सिक्ने सन्दर्भमा यो सामग्री उपयोगी हुन्छ । यो सामग्रीबाट चित्र छलफल गराउन निकै आकर्षक हुन्छ । विद्यार्थीहरूले चाख दिएर चित्र छलफलमा सहभागी हुने अवसर पाउने छन् ।



## उद्देश्य
प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि टिभी निर्माण तथा प्रयोग गर्न छन् ।

## आवश्यक सामग्रीहरू
१४ इन्च टिभी आकारको कार्टुन बक्सा वा अन्य सान्दर्भिक सामग्री, १४ इन्च चौडा भएको ५ मिटर सुती कपडा, बुढीऔँलाजति मोटा १६ इन्चका चारओटा लट्ठी, म र मेरो परिवारसँग सम्बन्धित ए फोर साइजका चित्रहरू, चार्टपेपर, स्केल, सिसाकलम, कलर, मार्कर पेन, कैँची, टेप, रङ्गीन कागज

## सिकाइ विधि
अवलोकन, व्यक्तिगत कार्य, छलफल

## पूर्वतयारी
सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

## सामग्री निर्माण गर्ने तरिका
- १४ इन्च टिभी आकारको कार्टुन बक्सा तयार गर्नुहोस् ।
- बक्साको ६ पाटामध्ये एक पाटा खुला बनाउनुहोस् ।
- पाँचओटा पाटामा चार्टपेपर टाँसेर आकर्षक बनाउनुहोस् ।
- बक्साको खाली पाटाको दाँया र बाँया पाटामा १० वर्ग इन्च सिसाकलमले कोठा बनाउनुहोस् र कोठाको चारओटा कोणमा चारओटा प्वाल बनाउनुहोस् (ती प्वाल तयार गरीएका लौरा सजिलै छिर्ने हुनुपर्छ ।) ।
- ती प्वालमा लट्ठी छिराउनुहोस् ।
- पछाडिको दुईओटा लट्ठीमा कपडाको दुईमुख राम्रोसँग बाँध्नुहोस् वा सिलाउनुहोस् ताकि लट्ठी घुमाउँदा कपडा मिलेर बेरिनुपर्दछ ।
- कपडामा म र मेरो परिवारसँग सम्बन्धित विभिन्न चित्रहरू जस्तै : मेरा शरीरका अङ्गहरू, मेरो परिवार, मेरो खानेकुरा, मेरो विद्यालय, मैले गर्ने देनिक सरसफाइ जस्ता चित्रहरू टाँस्नुहोस् ।
- कपडालाई टिभीको पछाडि तिरको लट्ठीमा बेर्नुहोस् ।
- टिभीलाई बालबालिकापट्टि फर्काएर देखाउँदा तलको पछाडिको लट्ठी बाहिरतिर घुमाउँदा कपडालाई अगाडिको दुईओटा लट्ठीले टिभीको पर्दा आकार देखाउँछ र पर्दा तलतिर जान्छ ।
- माथिको लट्ठी आफूतिर घुमाउँदा स्क्रीन माथितिर जान्छ र कपडा माथिल्लो लट्ठीमा बेरिन्छ ।
- यसरी हाम्रो टिभी तयार हुन्छ । टिभीलाई सँधैं कपडाले छोपेर राख्नुहोस् ।

**हाम्रो टिभी प्रयोग गर्ने तरिका**

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- कसकसले टिभी हेर्ने गरेको छ भनेर सोध्नुहोस् ।
- तिमीहरूलाई टिभी हेर्न मन पर्छ भनेर सोध्नुहोस् । ल आज हामी पनि हाम्रो टिभी हेर्ने है त ? भन्नुहोस् ।
- सबै बालबालिकाले देखिने गरी टिभी राख्नुहोस् ।
- आफू टिभीको पछाडि बस्नुहोस् र आफूतिर भएको दुवै लट्ठीलाई बिस्तारै घुमाउनुहोस् केही समय टिभीको पर्दा (स्क्रिन) लाई तलमाथि गरी राख्नुहोस् ।
- तिमीहरूले टिभीमा के देखिरहेका छौ, प्रश्न गर्दै गर्नुहोस् र बालबालिकाको प्रतिक्रिया सुन्दै जानुहोस् ।
- पर्दा (स्क्रिन) मा एउटा पूरा विषय चित्र वा वस्तुगत चित्र देखाउने र बालबालिकाको पूर्वअनुभवसँग सम्बन्धित भई छलफल गराउनुहोस् ।
- टिभीको प्रयोग भैसकेपछि जतनसाथ छोपेर राख्नुहोस् ।

## ५. ब्रोसर कार्ड

ब्रोसर कार्ड ११x१४ इन्चको मेटाकार्डलाई बराबर तीनभागमा फोल्ड गरी निर्माण गरीन्छ । यो कार्डलाई सम्फना खेलका रूपमा विद्यार्थीलाई खेलाइन्छ । यो कार्डको तीन फोल्डमा ६ ओटा पाटाहरू हुन्छन् । ६ ओटै पाटाहरूमा फरक फरक विषयका सूचना दिने अक्षर एवम् चित्रहरू समावेश गर्न सकिन्छ । यो कार्ड विद्यार्थी सङ्ख्याअनुसार प्रत्येकलाई पुग्ने गरी बनाउन सकिन्छ ।



### उद्देश्य
प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि ब्रोसर कार्ड निर्माण गर्ने छन् ।

### आवश्यक सामग्रीहरू
चार्टपेपर, फोटोकपी पेपर, कैँची, गम, स्केल, चित्र

### सिकाइ विधि
अवलोकन, व्यक्तिगत कार्य, खेल

### पूर्वतयारी
सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

### ब्रोसर कार्ड बनाउने तरिका
- ११x१४ इन्चको मेटाकार्डलाई बराबर तीनभाग हुने गरी लम्बाइबाट पट्याउनुहोस् । यसरी पट्याउँदा तीन खण्डको एक खण्ड मात्र देखिन्छ । यो झट्ट हेर्दा ब्रोसर जस्तै देखिन्छ ।
- एफोर साइजको सादा पानालाई चौडाइबाट बिचमा पट्याउनुहोस् ।
- पट्याएको पानालाई लम्बाइबाट बराबर हुने गरी दुई पटक पट्याउनुहोस् ।
- पट्याएर आएको चौडाइतिरको दुवै भागमा अर्धगोलाकार हुनेगरी कैँचीले काट्नुहोस् र त्यसलाई फुकाउनुहोस् । जम्मा चारओटा भाग भएको दुईओटा लामो टुक्रा हुन्छ ।
- चार भागको टुक्रा भएका पानाहरू तयार गर्नुहोस् ।
- त्यसलाई पट्याएको ब्रोसरजस्तै मेटाकार्डको ६ ओटै भागमा फेबिकोलले टाँस्नुहोस् । टाँसेको ब्रोसरजस्तो फोल्डरको पहिलो पानामा "**सम्झना खेल**" लेख्नुहोस् ।
- यस्तै फोल्डर कम्तीमा दुई जना सहभागीलाई एक एकओटा पुग्ने गरी तयार पार्नुहोस् । तपाईंले नमुनाका लागि बनाएको फोल्डरको दोस्रो पेजमा क अक्षरबाट बन्ने ४ ओटा चित्र टाँस्नुहोस् ।
- ती चित्रहरू विषयवस्तुसँग सम्बन्धित हुनुपर्छ, जस्तैः म र मेरो शरीर (कपाल, काइयो, काका, कथा, आदि) । (एउटा भागमा एउटा शब्द) लेख्नुहोस् । तेस्रो पेजमा ख अक्षरबाट बनेका चित्रहरू, जस्तैः खाट, खाजा, खिर, ... ...आदि ४ ओटा टाँस्नुहोस् । चौथो पेजमा ग, पाँचौँ पेजमा घ र छैटौँ पेजमा ङ अक्षरबाट बनेका ४x४ ओटा चित्रहरू टाँसेर नमुना सम्झना फोल्डर बनाउनुहोस् ।

### प्रयोग गर्ने तरिका
- दुई दुई जनाको जोडी बनाउनुहोस् । एकजनाको नाम **क** र अर्कोको नाम **ख** राख्न भन्नुहोस् ।
- **क** हुने सबै बालबालिकालाई पहिलो पानाका सबै चित्रहरू एक पटक भन्न लगाउनुहोस् ।
- फोल्डरमा नहेरीकन अघि पढेका सबै चित्र सम्झेर भन्न भन्नुहोस् ।

- कतिओटा चित्र भन्न सक्नुभयो **ख** ले हेर्न भन्नुहोस् । अब **ख** लाई पनि त्यसै गरी **क** लाई आकार लागेर बनेका शब्द एक पटक पढ्न र फोल्डर **क** लाई दिनुहोस् अनि त्यसै गरी फोल्डर नहेरीकन अघि पढेका सबै चित्र सम्झिएर भन्न लगाउनुहोस् ।
- **ख** ले कतिओटा शब्द भन्न सक्नुभयो **क** लाई हेर्न लगाउनुहोस् ।
- यसरी नै सबै जोडीका दुवैजनालाई पालैपालो फोल्डरको सबै पेजमा भएका चित्रहरू भन्दै सम्झेर भन्न लगाउनुहोस् ।
- सहजकर्ताले सम्झना खेल खेल्दा सहयोग गर्नुहोस् । सहयोग गर्न आवश्यक नभए सबैतिर घुमेर अवलोकन गर्नुहोस् ।
- खेल खेलिसकेपछि सामग्रीलाई सुरक्षित राख्नुहोस् ।

---

## ६. कविता र गीतपत्ती



प्रारम्भिक उमेरका बालबालिकाहरू बालभाकामा कविता र स्थानीय लोकलयमा रचिएका छोटा र मिठा गीत गाउन मन पराउँछन् । उनीहरूले गाएका गीतहरू पछिसम्म सम्झन सक्छन् । गीत कविताको माध्यमबाट विषयवस्तुको व्यावहारिक ज्ञान दिन सके सिकाइ मजबुत हुँदै जान्छ । छोटा मिठा गीत कविताहरूलाई हाते कार्डमा लेखिएको छ भने त्यसकार्डलाई गीत कवितापत्ती भनिन्छ । 'म र मेरो परिवार' आधारभूत सिप र विषयगत सिप समेट्ने गरी कविता गीत तयार गर्न सकिन्छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि कविता गीतपत्ती निर्माण गर्ने छन् ।



**आवश्यक सामग्रीहरू**

चार्टपेपर, कैँची, सिसाकलम, मार्कर, स्केल, चित्र



**सिकाइ विधि**

अवलोकन, व्यक्तिगत कार्य



**पूर्वतयारी**

सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

## कविता गीतपत्ती बनाउने तरिका

- एउटा चार्टपेपर लिनुहोस् ।
- त्यस चार्टपेपरबाट ७x११ इन्च आकारको कार्ड तयार गर्नुहोस् ।
- वरिपरि आधा इन्च बराबरको किनारा बनाउनुहोस् ।
- किनारामा फूलबुट्टा वा रङ लगाउनुहोस् ।
- लम्बाइबाट चार इन्च भागमा गीत वा कवितासँग सम्बन्धित चित्र सङ्कलन गरी टाँस्नुहोस्, जस्तै व्यक्तिगत सरसफाइका चित्रहरू : दाँत माझ्दै गरेको, कपाल कोर्दै गरेको, नङ काट्दै गरेका, हातगोडा धुँदै गरेका चित्र ।
- त्यसमुनि बान्की पारेर छोटो गीत लेख्नुहोस्, जस्तै :

१. **सरसफाइ गीत**

काँइ कोरीबाटी
आएँ म त साथी
हातमुख धोई
बन्छु म त जाती

दाँत माझी माझी
आएँ म त साथी
नङ काटी सफा
बन्छु म त जाती

२. **सानी सानी पुतली**

सानी सानी पुतली हेर नाचेको
कति राम्रो नाचेको कम्मर भाँचेको

हामी पनि मिलिजुली नाचौं साथी हो
रमाउँदै पुतली झैं उडौं माथि हो

कोही गीत गाउँ साथी कोही मादल बजाउँ
हार्मोनियम झ्याली अनि बाँसुरी नि बजाउँ

१, २, ३, ४ गन्ती गर्दै गोडा चाली नाचौं
हाउभाउ मिलाएर कम्मर पनि भाँचौं

३. **घरका साथी**

गीत गाएँ लै लै
बाजे बज्यै खै ?
आएँ म त हजुर
कथा सुन्छु है ।

गीत गाएँ लै लै
आमा बाबा खै ?
भोक लाग्यो बेसरी
खान दिनुस् है ।

गीत गाएँ लै लै
काका काकी खै ?
आँ आँ गर्दै आएँ म
पापा दिनुस् है ।

गीत गाएँ लै लै,
दाजु दिदी खै ?
भएँ म त तयार
सँगै खेल्छु है ।



### प्रयोग गर्ने तरिका

- कविता गीतपत्ती प्रदर्शन गर्नुहोस् र बालबालिकाको पूर्वअनुभवसँग सम्बन्धित भई चित्र छलफल गराउनुहोस् ।
- बालबालिकालाई कविता वा गीतको तालमा ताली बजाउन सिकाउनुहोस् ।
- लय हालेर ४x५ पटक गीत गाएर सुनाउनुहोस् ।
- ताली बजाउँदै आफूले एक हरफ गाउनुहोस् र पछि पछि बालबालिकालाई गाउन लगाउनुहोस् ।
- पुरै कविता यसरी ४x५ पटक गाउने अभ्यास गराउनुहोस् ।
- गीतको भावअनुसार हाउभाउ गर्न सिकाउनुहोस् ।
- हाउभाउ गर्दै गीत गाउने अभ्यास गराउनुहोस् ।
- गीत गाउने अभ्यासपछि सबै बालबालिकाको कपाल, दाँत, नङ, हात गोडा देखाउन लगाउनुहोस् र अवलोकन गर्नुहोस् । सफा हुँदा र नहुँदाको फाइदा बेफाइदा बताउनुहोस् । बालबालिकालाई धारामा लैजानुहोस् र लाइनमा राखेर पालैपालो हात गोडा र मुख धुन सिकाउनुहोस् ।
- क्रियाकलाप सकेपछि कविता गीतपत्तीलाई जतनसाथ रबरले बाँधेर सुरक्षित स्थानमा राख्नुहोस् ।

## ७. खाद्य शृङ्खला



खाद्य शृङ्खला भन्नाले आफू र आफ्नो परिवारले दैनिक रूपमा खानामा प्रयोग हुने खाद्यवस्तु सङ्कलन गरी कक्षाकोठामा सिकाइका लागि सहज रूपमा प्रयोग गर्न सक्ने गरी व्यवस्थापन गर्नु हो । खाद्य शृङ्खलालाई कक्षाकोठामा तीन तरिकाबाट व्यवस्थापन गर्न

सकिन्छ । पहिलो तरिका खाद्यवस्तुलाई चौथाइ आकारका प्लास्टिकका बट्टामा सङ्कलन गर्न सकिन्छ । दोस्रो तरिका चौथाइ आकारका प्लास्टिकका थैलामा खाद्यवस्तु सङ्कलन गरी चार्टपेपरमा टाँसेर खाद्य चार्ट बनाउन सकिने छ । तेस्रो तरिका चौथाइ आकारका प्लास्टिकका थैलामा खाद्यवस्तु सङ्कलन गरी कक्षामा ढलान डोरी टाँगेर झुन्ड्याउन सकिन्छ । खाद्य शृङ्खलाबाट बालबालिकाले घरमा खाने खाद्यसामग्रीको जानकारी हेरेर, सुँघेर, छोएर, चाखेर, तथा खानेकुराहरूका नाम सुनेर सिकाइ गर्न सक्छन् ।

**उद्देश्य**
प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि खाद्य शृङ्खला निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**
खाद्यवस्तु, चार्टपेपर, प्लास्टिकका बट्टा, ढलान डोरी, प्लास्टिकका थैला, मेटा कार्ड, साइनपेन, ढलान किला, कैँची, सिसाकलम, मार्कर, स्केल, फोटोकपी पेपर

**सिकाइ विधि**
अवलोकन, व्यक्तिगत कार्य, छलफल

**पूर्वतयारी**
सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

## सामग्री निर्माण गर्ने तरिका



**तरिका नं. १**

- एक एक मुठीका दरले अन्न, गेडागुडी, नुन, चिनी, बेसार, मसला, गुन्द्रुक, सिन्की, सुकेको खुर्सानी जस्ता खाद्यवस्तु सङ्कलन गर्नुहोस् ।

- एक दुई दाना लसुन, प्याज, अदुवा, हलेदो, आलु जस्ता छिट्टै नबिग्रने तरकारी, मसला, कन्दमुल सङ्कलन गर्नुहोस् ।
- ती वस्तुहरूलाई चौथाइ आकारका प्लास्टिक बट्टामा राख्नुहोस् ।
- फोटोकपी पेपरको सानो टुक्रामा खाद्यवस्तुको नाम लेख्नुहोस् र प्लास्टिकका बट्टा बाहिर बिचभागमा पर्ने गरी टाँस्नुहोस् ।
- कक्षाको सामग्री व्यवस्थापन गर्ने कुनै साइडमा वा र्‍याकमा खाद्यवस्तु कुना छुट्याउनुहोस् र त्यहाँ सजाएर राख्नुहोस् ।



**तरिका नं. २**

- एक एक मुठीका दरले अन्न, गेडागुडी, नुन, चिनी, बेसार, मसला, गुन्द्रुक, सिन्की, सुकेको खुर्सानी जस्ता खाद्यवस्तु सङ्कलन गर्नुहोस् ।
- एक दुई दाना लसुन, प्याज, अदुवा, हलेदो, आलु जस्ता छिट्टै नबिग्रने तरकारी, मसला, कन्दमुल सङ्कलन गर्नुहोस् ।
- ती वस्तुहरूलाई चौथाइ प्लास्टिक थैलामा राख्नुहोस् ।
- मेटाकार्डको टुक्रामा खाद्यवस्तुको नाम लेख्नुहोस् र प्लास्टिकका थैलाबाहिर बिचभागमा पर्ने गरी स्टिच गर्नुहोस् र त्यस थैलालाई चार्टपेपरमा लाइन मिलाएर टाँस्नुहोस् ।
- कक्षाको सामग्री व्यवस्थापन गर्ने कुनै छेउमा वा भित्तामा खाद्यवस्तु कुना छुट्याउनुहोस् र त्यहाँ सजाएर टाँस्नुहोस् ।

**तरिका नं. ३**

- एक एक मुठीका दरले अन्न, गेडागुडी, नुन, चिनी, बेसार, मसला, गुन्द्रुक, सिन्की जस्ता नबिग्रने खाद्यवस्तु सङ्कलन गर्नुहोस् ।
- एक दुई दाना लसुन, प्याज, अदुवा, हलेदो, आलु जस्ता छिट्टै नबिग्रने तरकारी, मसला, कन्दमुल सङ्कलन गर्नुहोस् ।
- ती वस्तुहरूलाई प्लास्टिक थैलामा राख्नुहोस् ।

- मेटाकार्डको टुक्रामा खाद्यवस्तुको नाम लेख्नुहोस् र प्लास्टिकका थैला बाहिर बिचभागमा पर्ने गरी स्टिच गर्नुहोस् ।
- कक्षाको एक कुनादेखि अर्को कुनासम्म टाँग्न मिल्ने गरी ढलान काँटी ठोक्नुहोस् ।
- प्लास्टिकका थैलाको मुख भागपट्टि पन्चिङ गर्नुहोस् र धागामा उनी ढलान डोरी टाँग्नुहोस् ।



## प्रयोग गर्ने तरिका

- सामग्री प्रदर्शन गर्नुहोस् र यहाँ के के छन् ? भन्न लगाउनुहोस् ।
- यहाँ भएका अन्न, तरकारी, फल, मसलामध्ये तिमीहरूको घरमा के के छन् ? सोध्नुहोस् ।
- सफा गरेको नुन, चिनी, बेसार, अदुवा जस्ता चाख्न मिल्ने वस्तुहरू चाख्न दिनुहोस् र स्वाद भन्न लगाउनुहोस् ।
- अन्न, फलफूल, तरकारी, मसला हेरेर, छामेर वा सुँघेर अनुभव गराउनुहोस् ।
- बालबालिकालाई लहरमा राख्नुहोस् र डोरीमा झुन्ड्याएको चार्टलाई हिँड्दै पढ्न लगाउनुहोस् ।
- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् र चार्टपेपरमा भएका अन्न, फलफूल, तरकारी, मसला पालोपालो देखाएर भन्न लगाउनुहोस् ।
- बालबालिकालाई गोलो घेरमा राख्नुहोस् र अन्न, फलफूल, तरकारी, मसला राखिएको एउटा एउटा बट्टा दिनुहोस् । आफ्नो हातमा के छ भन्न लगाउनुहोस् । एक पटक भनिसकेपछि आफूसँग भएको बट्टा दाँयाको साथीलाई दिन लगाउनुहोस् र बाँयाको साथीबाट बट्टा लिन लगाउनुहोस् । त्यस बट्टामा के छ पालैसँग भन्न लगाउनुहोस् । यसरी सबैका हातमा सबै बट्टा नपुगुन्जेल अभ्यास गराइरहनुहोस् ।
- यहाँ भएका अन्न, फलफूल, तरकारी, मसला मध्ये तिमीहरूले आज बिहान के के खायौ ? प्रश्न गर्नुहोस् र छलफल गराउनुहोस् ।
- प्लास्टिकका थैला, बट्टा, अन्न, गेडागुडी गन्न लगाउनुहोस् ।

## ८. थोप्ले चित्र कार्ड

११x१४ इन्चको कागजमा विषयवस्तुसँग सम्बन्धित थोप्ले चित्र बनाएको कार्डलाई थोप्ले चित्र कार्ड भनिन्छ । प्रत्येक बालबालिकालाई पुग्ने गरी फरक फरक थोप्ले चित्र कार्ड बनाइन्छ । मसिना ढुङ्गा, अन्न, गेडागुडी, चुराका टुक्रा, लप्सीका हाड जस्ता वस्तु थोप्ले चित्रमा लहरै राख्न लगाई चित्र पूरा गराइन्छ । यसरी क्रियाकलाप गराउँदा बालबालिकाको सिर्जनात्मक सिप विकास हुनुका साथै वस्तुप्रति परिचित हुने अवसर हुन्छ । उनीहरूमा लगनशीलता बढ्छ । सामग्री गन्दै राख्नाले गन्ती गर्ने सिप बढ्छ । बालबालिकालाई क्रियाशील बनाउन यो सामग्री महत्त्वपूर्ण हुन्छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि थोप्ले चित्र कार्ड निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, मेटा कार्ड, साइनपेन, कैँची, सिसाकलम, मार्कर, स्केल, मसिना ढुङ्गा, अन्न, गेडागुडी, फलफूलका दाना, लप्सीका हाड ।

**सिकाइ विधि**

अवलोकन, व्यक्तिगत कार्य, छलफल

**पूर्वतयारी**

सामग्री निर्माणका लागि सहसामग्रीको व्यवस्थापन र क्रियाकलापका लागि मिल्ने बसाइको व्यवस्था

### सामग्री निर्माण गर्ने तरिका

- चार्टपेपरबाट ११x१४ इन्चको कार्ड तयार गर्नुहोस् ।
- एउटा कार्डमा शरीरको कुनै अङ्गको चित्र कार्ड भरी हुने गरी मार्करले थोप्ले चित्र बनाउनुहोस् ।
- एकै आकारका मसिना बगरे ढुङ्गा, अन्न, गेडागुडी, लप्सीका हाड, फर्सीका बियाँ जस्ता वस्तु कम्तीमा आधा मानाका दरले सङ्कलन गर्नुहोस् ।
- ती वस्तुहरूलाई रङ भर्नुभएमा अझै आकर्षक देखिने छ ।
- ती वस्तु सुरक्षित राख्नका लागि प्लास्टिकका थैला एवम् बट्टा तयार गर्नुहोस् ।

### थोप्ले चित्र कार्ड प्रयोग गर्ने तरिका

- थोप्ले चित्र कार्ड प्रदर्शन गरी त्यससँग सम्बन्धित प्रश्नोत्तर छलफल गर्नुहोस् ।
- अब हामी यसलाई नयाँ चित्र बनाउने भन्नुहोस् र बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- सबैले देख्ने गरी एउटा थोप्ले चित्र कार्ड भुइँमा राख्नुहोस् । मकैका दाना ठिक पार्नुहोस् । अब नयाँ चित्र कसरी बन्दो रहेछ सबैले हेर भन्नुहोस् ।
- थोप्ला थोप्लामा गन्दै मकैका गेडा राख्दै जानुहोस् । पुरै राखिसकेपछि चित्र कस्तो बन्यो भनेर प्रश्न गर्नुहोस् ।
- सबै बालबालिकालाई थोप्ले चित्रकार्ड वितरण गर्नुहोस् । थोप्लामा राख्ने सामग्री पनि दिनुहोस् । सबैलाई गन्दै थोप्लामा सामग्री राख्न भन्नुहोस् । सबै बालबालिकाको साथमा पुगेर सहयोग गर्नुहोस् ।
- चित्र निर्माण भईसकेपछि कस कसको के के चित्र बन्यो, सोध्नुहोस् ।
- फरक फरक चित्र र फरक फरक सामग्री दिएर पटक पटक अभ्यास गराउनुहोस् ।
- क्रियाकलाप सकिएपछि सामग्री सङ्कलन गरी सुरक्षित राख्नुहोस् ।

# ९. पजल

## ९.१ चित्र पजल



१४x२२ इन्चको कागजमा चित्र प्रयोग गरी निर्माण गरी विभिन्न टुक्रामा छुट्याई बनाइएको सामग्री चित्र पजल हो । यसका लागि चित्र कार्डहरू र चित्रका टुक्राहरू आवश्यक हुन्छन् । यस खेलको माध्यमबाट बालबालिकाले समस्या समाधान गर्न, जोडा मिलाउन सिक्नेछन् । यो खेल खेलाउँदा बालबालिकाले चित्र चित्रमा हुने समानता र भिन्नता छुट्याउन सफल हुनेछन् । उनीहरूमा सोचाइ सिपको विकास हुनेछ । यो खेल एक्लै तथा समूहमा खेल्ने हुँदा सामाजिक तथा संवेगात्मक विकासमा सहयोग पुग्छ ।

### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि चित्र वा अक्षर पजल निर्माण गर्न र प्रयोग गर्न सक्ने छन् ।

### आवश्यक सामग्रीहरू

चार्टपेपर, मेटा कार्ड, साइनपेन, कैँची, सिसाकलम, मार्कर, स्केल

### सिकाइ विधि

अवलोकन, व्यक्तिगत कार्य, समूह खेल

### सामग्री निर्माण गर्ने तरिका

- एउटा चार्टपेपर लिनुहोस् ।
- चार्टपेपरको लम्बाइतिरबाट एक पटक पट्याउनु होस् र त्यसबाट दुईओटा १४x२२ इन्च साइजका चार्टपेपर बन्छ ।
- त्यस चार्टको वरिपरि १ इन्च बराबर किनारा बनाउनुहोस् ।
- किनारामा फूल बुट्टा एवम् रङ भर्नुहोस् ।
- अब चार्टमा १२x२० इन्च बाँकी रहन्छ । त्यसमा ४x४ वर्ग इन्चका का १५ ओटा कोठा बनाउन सकिन्छ । यसमा चौडाइतिर ३ ओटा र लम्बाइतिर ५ ओटा कोठा हुन्छन् ।
- उदाहरणका लागि घरपालुवा जनावरका पाँचओटा चित्र, जस्तै : गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस उस्तै ३ जोडी चित्र तयार गर्नुहोस् ।
- चित्रपत्तीको साइज ४x४ वर्ग इन्चको हुनुपर्दछ ।
- ३x३ ओटाका पाँचसेट चित्रपत्तीलाई कागजका गत्तामा प्रयोग गरीने टेपले लेमिनेसन गरी बलियो बनाउनुहोस् ।
- यसरी प्रत्येक बालबालिकालाई पुग्ने गरी फरक फरक चित्र सेटका चित्र पजल बनाउनुहोस् ।
- यसै गरी एक (ए फोर) पन्ना कागजमा भरिने गरी एउटा चित्र टाँस्नुहोस् र यस्ता चित्र २ प्रति बनाउनुहोस् ।
- एउटा चित्रलाई बराबरका ४ ओटा वा ६ ओटा टुक्रा बनाउनुहोस् । यस्ता पजलहरू विभिन्न विषयवस्तुसँग सम्बन्धित गरेर बनाउन सकिन्छ ।

### चित्र पजल प्रयोग तरिका

**तरिका १**

- चित्रपत्ती प्रदर्शन गर्नुहोस् र छलफल तथा प्रश्नोत्तर गरी चित्रसँग परिचित गराउनुहोस् ।
- चित्रलाई छ्यासमिस गरी राख्नुहोस् र तीन कोठाको लाइनमा उस्तै उस्तै जनावरको चित्र खोजेर राखी चित्र पजल भर्न सिकाउनुहोस् ।
- दुई दुई जना बालबालिकाको समूह बनाउनुहोस् । एक लाइनमा आफैँले एक सेट चित्र राखिदिनुहोस् र एक एक सेट चित्र विद्यार्थीलाई राख्न लगाउनुहोस् ।
- सबै समूहले एक पटक खेलिसकेपछि चित्र र चित्र पजल अर्को समूहसँग साटफेर गराउनुहोस् । पुनः त्यसरी नै खेलाउनुहोस् ।
- खेल खेलिसकेपछि सामग्रीलाई बाँधेर कुनै बट्टामा सुरक्षितसँग राख्नुहोस् ।



**तरिका २**

- सग्लो चित्र र चित्र पजलका टुक्राहरू दिनुहोस् ।
- अब सग्लो चित्र माथि टुक्राहरू मिलाएर राख्न लगाउनुहोस् । मिलाएपछि स्याबासी दिनुहोस् ।
- अब सग्लो चित्र हेर्दै टुक्राहरू मिलाएर सग्लो बनाउन लगाउनुहोस् ।
- **यसैगरी क्रमशः** सग्लो चित्र नहेरी टुक्राहरू मिलाएर सग्लो बनाउन लगाउनुहोस् ।
- पटक पटक अभ्यास गराउनुहोस् ।

## ९.२ विषयवस्तुमा आधारित पजल

विषयवस्तुमा आधारित भएर विभिन्न पजलहरू बनाउन सकिन्छ । यहाँ कुट वा बाक्लो गत्ताबाट बनाइने इन्सेट पजल घर विषयवस्तुलाई आधार मानेर नमुनाका रूपमा प्रस्तुत गरीएको छ । पजल विभिन्न थरीको हुन्छन् । यहाँ सजिलै पाइने कच्चा सामग्रीबाट पजल बनाउन र प्रयोग गर्नेबारे बताइएको छ ।



### उद्देश्य

- घर पजल खेल सामग्रीबाट बालबालिकाको घरको अवधारणा बताउन सक्ने छन् ।
- पजलका टुक्राहरू सही ठाउँमा राखेर घरको स्वरूप बनाउन सक्ने छन् ।

### आवश्यक सामग्रीहरू

विभिन्न भागसहितको रङ्गीन घरको चित्र, कुट वा बाक्लो गत्ता (बिस्कुट, चाउचाउको बट्टा), फेबिकोल, कलम, स्केल, कैँची

### पूर्वतयारी

दुई थान घरको उस्तै चित्र, विषयवस्तुसम्बन्धित र आवश्यक सामग्री सङ्कलन तथा बालबालिकाको कार्यसम्पादन र व्यक्तिगत फाइल अभिलेखीकरण फारामको व्यवस्था

### सामग्री निर्माण प्रक्रिया

- घरको चित्रलाई राख्न मिल्ने गरी कुट/गत्ताको बोर्ड बनाउनुहोस् ।
- घरको एक चित्रलाई बोर्डमा टाँस्नुहोस् ।
- बोर्डको चारैतिर आधाइन्चको चौडाइ बोर्डर राखेर बोर्ड तयार गर्नुहोस् ।
- घरको चित्रलाई गत्तामा टाँसेर सुक्न दिनुहोस् ।
- कुटमा टाँसेको चित्रलाई ज्यामितीय आकारको आधारमा चार टुक्रा बनाएर काट्नुहोस् ।
- प्रत्येक टुक्राको विचमा एक इन्चको नोब जोड्नुहोस् (तीन औँलाले सामाउन मिल्ने) ।
- पजलका चार टुक्रालाई पारदर्शी टेपले छोप्नुहोस् (लेमिनेसन गर्ने) ।
- तयार पजल टुक्राहरू बोर्डमा घरको स्वरूपमा राख्नुहोस् ।

**प्रयोग विधि**

- पजलको पूर्ण चित्र भएको बोर्ड प्रदर्शन गर्नुहोस् ।
- पजलको बोर्डबाट साँचो कसरी झिक्ने र राख्ने भन्ने बारेमा तरिका प्रदर्शन गर्नुहोस् ।
- पजल देखिने चित्रको नाम, रङ, आकार, सङ्ख्या तथा विशेषताबारे छलफल गर्नुहोस् ।
- टुक्राहरूलाई जोडेर पूर्ण स्वरूप बनाउनुहोस् ।
- घरको भागको नाम, जस्तै : झ्याल, ढोका, छाना र अन्य बताउनुहोस् ।
- घर के कस्ता वस्तुबाट बनेको छ, छलफल गर्नुहोस् ।
- पूर्वगणितीय पक्ष अङ्क, सङ्ख्या, आकार, नापतौल तथा ढाँचाको सन्दर्भअनुसार छलफल गर्नुहोस् ।
- पजल खेलिसकेपछि यथास्थानमा राख्नुहोस् ।

## १०. कागजको सिन्का

कागजको सिन्का प्रयोग गरी गन्ती गर्न र आवश्यकतानुसार सिन्काबाट विभिन्न वस्तुका आकृति बनाई गन्ती गर्न र वस्तुको अवधारणा दिन यो सामग्री उपयोगी हुन्छ । यो सामग्री निर्माण गर्दा खेर जाने कागजको सदुपयोग हुन्छ । कागजका सिन्काले बालबालिकालाई घोच्ने घाउ हुने डर पनि हुँदैन । आवश्यकताअनुसार छिट्टै जति पनि निर्माण गर्न सकिन्छ । कागजका सिन्काबाट आकर्षक वस्तु निर्माण गर्न सकिने हुँदा बालबालिका सिकाइप्रति आकर्षित हुनेछन् । सिकाइ दिगो हुने छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि कागजको सिन्काबाट विषयवस्तुमा आधारित एकीकृत सिप विकासका लागि सामग्री निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

फोटोकपी पेपर वा पुराना किताबका पाना, कैँची, फेबिकोल, स्केल

**सिकाइ विधि**

अवलोकन, व्यक्तिगत कार्य, समूह खेल

## सामग्री निर्माण गर्ने तरिका

- आयाताकार कागजलाई समबाहु त्रिभुज (तीनपट्टि उत्रै) हुने गरी पट्याउनुहोस् र कैँचीले काट्नुहोस् । दुईओटा त्रिभुज आकारका पाना हुन्छ ।
- त्रिभुज आकारको कागजलाई बाँया हातमा लिनुहोस् र दाँया हातले एउटा कोणबाट बिस्तारै बटार्दै बटार्दै ल्याउनुहोस् । अन्त्यमा एउटा कोण सिन्काको बिच भागमा आइपुग्नुपर्छ । त्यस कोणमा थोरै फेबिकोल लगाउनुहोस् र टाँस्नुहोस् । यसरी सिन्का तयार हुन्छ ।
- यसरी प्रशस्त सिन्का तयार गर्नुहोस् ।
- तीनओटा सिन्काको छेउ छेउमा थोरै थोरै फेबिकोल लगाई टाँस्नुहोस्, त्रिभुज बन्छ । चारओटा सिन्काबाट आयात बन्छ । एउटा सिन्कालाई गोलो आकारमा घुमाएर गमले टाँस्नुहोस्, वृत्त बन्छ ।
- सिन्कालाई मोड्न तथा काट्न सजिलै सकिने हुँदा आफूले चाहेअनुसारका सामग्री बनाउन सकिने छ, जस्तै : लिङ्गे पिङ ।
- ८x८ इन्च आकारको कार्टुन पेपर लिनुहोस् ।
- सिन्काको एकापट्टि छेउको प्वाल ठुलो र अर्कापट्टि छेउको प्वाल सानो हुन्छ । एउटा सिन्काको सानो भागलाई थोरै फेबिकोल राखी ठुलो भागको प्वालमा घुसाउनुहोस् । सिन्का लामो हुन्छ ।
- लामा लामा सिन्काको एकापट्टि छेउमा गम लगाउनुहोस् र कार्टुन पेपरमा चारओटा लिङ्गा ठड्याउनुहोस् । माथिको भाग कैँची पारेर धागोले बाँधिदिनुहोस् ।
- एउटा सिन्काको गरालो हाल्नुहोस् र नसरोस् भन्नाका लागिकैँची परेको ठाउँमा थोरै गम लगाउनुहोस् ।
- धागोको लठ्ठा हाल्नुहोस् र सानो पुतली मान्छे बनाएर पिङ्मा राख्नुहोस् ।
- कार्टुन पेपरमा समाएर अघिपछि गर्दै चलाउनुहोस् । यसरी पिङमा राखिएको पुतलीलाई खेलाएर देखाउनुहोस् ।

## प्रयोग गर्ने तरिका

**तरिका नं. १**

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- सबै बालबालिकालाई १०x१० ओटा सिन्का दिनुहोस् ।
- सिन्का गन्न लगाउनुहोस् ।

- सङ्ख्या भन्नुहोस् र त्यति सिन्का झिक्न र थप्न लगाउनुहोस् ।
- सिन्का सिन्का जोडेर सिधा र वक्र रेखा बनाउन लगाउनुहोस् ।
- सिन्का सिन्का जोडेर घर बनाउन बनाउन लगाउनुहोस् ।
- सिन्का सिन्का जोडेर त्रिभुज, आयात, वर्ग बनाउन लगाउनुहोस् ।

**तरिका नं. २**

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- बनाएको पिङ प्रदर्शन गर्नुहोस् । पुतलीलाई पिङ खेलाएर देखाउनुहोस् ।
- बालबालिकालाई पालैसँग कार्टुन पेपर चलाउन दिई पुतलीलाई पिङ खेलाउन सिकाउनुहोस् ।
- तिमीले पिङ खेलेका छौ भनी प्रश्न गर्नुहोस् र कहिले, किन खेलेको छलफल प्रश्नोत्तर गर्नुहोस् ।

---

## ११. विभिन्न प्रकारका पपेट


पपेट बालबालिकाका लागि अत्यन्त आकर्षक खेल सामग्री हो । पपेटको माध्यमले कथा प्रस्तुत गर्दा बालबालिकाको ध्यान केन्द्रित हुने हुनाले उनीहरूलाई नियम पालन गराउन सहज हुन्छ । पपेट विभिन्न थरीका हुन्छन् । यी सबैको प्रयोगले पूरा हुने विकासात्मक उपलब्धि र प्रयोगको तरिका यसप्रकार छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि विभिन्न प्रकारका पपेट निर्माण गर्ने छन् ।

## ११.१ सिन्के चित्र पपेट



### आवश्यक सामग्रीहरू

प्रत्येक सहभागीलाई पुरानो पत्रिका वा चित्र पुस्तक १ ओटा सेतो कागज वा चार्टपेपर १, कैँची १ बाँसका सिन्काहरू (करिब ४ इन्च लामो र २ लाइन गोलाइका करिब २० ओटाका दरले पुग्ने गरी भाग लगाउने)

### तयारी गर्ने तरिका

- सहभागीहरूलाई गोलो घेरामा बसाउनुहोस् र आफ्नो सामग्रीहरू अगाडि राख्न लगाउनुहोस्, आफूले गरे जस्तै गर्नुहोस् ।
- पुरानो पत्रिकाबाट आआफ्नो कथालाई मिल्ने चित्रहरू मिलाएर काट्नुहोस् ।
- काटेको चित्रलाई पछाडिपट्टि गम लगाएर चार्टपेपरमा टाँस्नुहोस् ।
- केहीबेर सुक्न दिएपछि उक्त चित्रलाई फेरी वरिपरिबाट मिलाएर राम्ररी काट्नुहोस् ।
- बाँसको सिन्कामा गम हालेर चित्रको र कागजको बिचमा राखी उक्त सिन्का विचमा राखेर टाँसेर सुकाउनुहोस् ।

### प्रयोग विधि

- कुनै बाटामा बालुवा वा धुलोमाटो आधा जति राख्नुहोस् ।
- कथामा भएका पात्रअनुसारका चित्रहरू तयारी गर्नुहोस् ।
- बालबालिकालाई नजिकै राखेर हाउभाउ सहित कथा शुरू गर्नुहोस् ।
- कथाका पात्रहरू आउँदा सम्बन्धित चित्रहरूबालबालिका भएतिर फर्काउँदै गाड्नुहोस् ।

## ११.२ हाते पपेट



### आवश्यक सामग्रीहरू

प्रत्येक सहभागीलाई सेतो, कालो वा खैरो रङको कपडा आधा मिटर, पुरानो कपडा, १ झोला, कैँची १, सियो २, धागो कपडाको रङअनुसार, पपेटको ड्राफ्ट, लुगाका ड्राफ्टहरू, कालो ऊन, फेब्रिक कलर रातो र कालो, ब्रस, चक वा सिसाकलम ।

### तयारी गर्ने तरिका

- कपडामा पपेटको ड्राफ्ट ओछ्याएर, वरिपरिबाट चक वा सिसाकलमले कोरेर चिह्नमाथि काट्नुहोस् ।
- पहिले नै सिलाई भाग छुट्याएर काटेर वरिपरि वा निर्देशनअनुसार सिलाउनुहोस् ।
- सिलाईसकेपछि उल्टो पारेर कुनाकाप्चा मिलाउनुहोस् ।
- टाउकाको मिलेको भाग अनुहारलाई छुटाउने र पछाडिको भागमा कालो उनको कपाल बनाएर सियोले सिलाउँदै अड्काउनुहोस् ।
- डिजाइनअनुसारका लुगाहरू सिलाएर लगाइदिनुहोस् ।
- पहिला सिसाकलमले कोरेरपछि कपडामा लगाउने रङले नाक, मुख तथा आँखा बनाउनुहोस् ।
- आकर्षक सजावट गरेर चिटिक्क बनाउनुहोस् ।

### प्रयोग विधि

- हाते पपेट बालबालिकालाई बालकथाको प्रस्तुतिका लागि र नियम सिकाउन पनि प्रयोग गरीन्छ ।
- पपेटलाई हातमा छिराएर कान्छीऔँला र बुढीऔँला हाउभाउ सहित चलाउने अभ्यास गर्नुहोस् ।
- कपडाको पर्दामा दुईओटा हात छिर्ने प्वालहरू बनाउनुहोस् ।
- बालबालिकालाई कथा सुन्न उत्प्रेरित गर्नुहोस् ।
- बालबालिकालाई नजिकै राखेर पर्दाबाट पपेट लगाएको हात छिराउँदै कथा सुरु गर्नुहोस् ।
- कथामा भएका पात्रअनुसारका हाउभाउ गर्दै कथा प्रस्तुत गर्नुहोस् ।

## ११.३ विषयवस्तु अनुसारको हाते पपेट



### आवश्यक सामग्रीहरू

प्रत्येक सहभागीलाई विषयवस्तु अनुसारको (जस्तै : जनावर विषयमा खरायोको पपेट बनाउँदा (सेता रङको भुवा भएको कपडा २५ से.मी, १ झोला, कैंची १, सियो २ धागो कपडाको रङअनुसार, पपेटको ड्राफ्ट, चक वा सिसाकलम, आँखा बनाउने दुईओटा कालो, ओठका लागि रातो टाँक ।

### तयारी गर्ने तरिका

- कपडामा पपेटको ड्राफ्ट ओछ्याएर, वरिपरिबाट चक वा सिसाकलमले कोरेर चिह्नमाथि काट्नुहोस् ।
- पहिले नै सिलाई भाग छुट्याएर काटेर वरिपरि वा निर्देशनअनुसार सिलाउनुहोस् ।
- सिलाईसकेपछि उल्टो पारेर कुनाकाप्चा मिलाउनुहोस् ।
- टाउकाको मिलेको भाग अनुहारलाई छुटाउनुहोस् ।
- पछाडिको भागमा कालो टाँकले दुईओटा आँखा र रातो टाँकले मुख बनाएर सियोले सिलाउँदै अड्काउनुहोस् ।

### प्रयोग विधि

- विषयवस्तुअनुसारका पपेट बालबालिकालाई बालकथाको प्रस्तुतिका लागि र प्रयोग गरीन्छ ।
- पपेटलाई हातमा छिराएर कान्छीऔंला र बुढीऔंला हाउभाउसहित चलाउने अभ्यास गर्नुहोस् ।
- कपडाको पर्दामा दुईओटा हात छिर्ने प्वालहरू बनाउनुहोस् ।
- बालबालिकालाई कथा सुन्न उत्प्रेरित गर्नुहोस् ।
- बालबालिकालाई नजिकै राखेर पर्दाबाट हात छिराउँदै हाउभाउसहित कथा सुरु गर्नुहोस् ।
- कथामा भएका पात्रअनुसारका हाउभाउ गर्दै कथा प्रस्तुत गर्नुहोस् ।
- बालबालिकालाई पनि पपेटको प्रयोगबाट कथा भन्ने अवसर दिनुहोस् ।

## ११.४ विषयवस्तु अनुसारको औंले पपेट



**आवश्यक सामग्रीहरू**

प्रत्येक सहभागीलाई कपडा २५ से. मिटर, पुरानो कपडा १० टुक्रा, कैंची १, सियो २, धागो कपडाको रङअनुसार, पपेटको ड्राफ्ट, लुगाका ड्राफ्टहरू, कालो उन, फेब्रिक कलर रातो र कालो, ब्रस, चक वा सिसाकलम

**तयारी गर्ने तरिका**

- कपडामा पपेटको ड्राफ्ट ओछ्याएर वरिपरिबाट चक वा सिसाकलमले कोरेर चिह्नमाथि काट्नुहोस् ।
- पहिले नै सिलाई भाग छुट्याएर काटेर वरिपरि वा निर्देशनअनुसार सिलाउनुहोस् ।
- सिलाईसकेपछि उल्टोपारेर कुनाकाप्चा मिलाउनुहोस् ।
- हातका ५ ओटा औंलाहरू सबैलाई एक एकओटा हुनेगरी आकार मिलाएर तयार गर्ने ।
- टाउकाको मिलेको भाग अनुहारलाई छुटाउने र पछाडिको भागमा कालोऊनको कपाल बनाएर सियोले सिलाउँदै अड्काउनुहोस् ।
- परिवार बनाउन सानो बच्चा कान्छी औंलामा गर्दै दाजु आमा, बुबा, हजुरबुबा, हजुरआमा गर्दै सबै औंलामा पाँचओटा नै मिलाउनुहोस् ।
- ढाँचा (डिजाइन) अनुसारका लुगाहरू सिलाएर लगाइदिनुहोस् ।
- पहिला सिसाकलमले कोरेर पछि कपडामा लगाउने रङले नाक, मुख तथा आँखा बनाउनुहोस् ।
- आकर्षक सजावट गरेर चिटिक्क बनाउनुहोस् ।


यसैगरी विषयवस्तु अनुसारको पपेटहरूको परिवार वा प्रकारहरू तयार गर्न सकिन्छ ।

**प्रयोग विधि**

- औले पपेट बालबालिकालाई बालकथाको प्रस्तुतिका लागि प्रयोग गरीन्छ ।
- पपेटलाई औंलामा छिराएर हाउभाउसहित चलाउने अभ्यास गर्नुहोस् ।
- कपडाको पर्दामा दुईओटा हात छिर्ने प्वालहरू बनाउनुहोस् ।
- बालबालिकालाई कथा सुन्न उत्प्रेरित गर्नुहोस् ।

- बालबालिकालाई नजिकै राखेर पर्दाको प्वालबाट हात छिराएर कथा सुरु गर्नुहोस् ।
- कथामा भएका पात्रअनुसारका हाउभाउ गर्दै कथा प्रस्तुत गर्नुहोस् ।
- बालबालिकालाई पनि पपेटको प्रयोगबाट कथा भन्ने अवसर दिनुहोस् ।
- साथै पपेट प्रयोग गरेर गीत तथा अभिनय पनि गर्न सकिन्छ ।

## ११.५ धागो पपेट



### आवश्यक सामग्रीहरू

पुरानो क्यालेन्डरको चित्र वा आफैले आवश्यकताअनुसारको चित्र तयार गर्ने, कैंची १, गम १, कार्टुन १, स्केल १, धागो १

### तयारी गर्ने तरिका

- विषयवस्तुलाई मिल्ने चित्रहरू तयार गर्नुहोस् वा मिलाएर काट्नुहोस् ।
- चित्रलाई पछाडि पट्टि गम लगाएर बिचमा बलियो १ फिट लामो धागो राखेर चार्टपेपरमा टाँस्नुहोस् ।
- केहीबेर सुक्न दिएपछि उक्त चित्रलाई फेरी वरिपरिबाट मिलाएर राम्ररी काट्नुहोस् ।
- प्रत्येक चित्रलाई यसैगरी टाँसेर सुकाउनुहोस् ।

### प्रयोग विधि

- धागो पपेट बालबालिकालाई बालकथाको प्रस्तुतिका लागि प्रयोग गरीन्छ ।
- कपडाको पर्दामा दुईओटा हात छिर्ने प्वालहरू बनाउनुहोस् ।
- धागे पपेटलाई पर्दाको प्वालबाट छिराएर हाउभाउसहित चलाउने अभ्यास गर्नुहोस् ।
- बालबालिकालाई कथा सुन्न उत्प्रेरित गर्नुहोस् ।
- बालबालिकालाई नजिकै राखेर पर्दाको प्वालबाट धागोमा झुन्डिएको पपेटलाई छिराएर कथा सुरु गर्नुहोस् ।
- कथामा भएका पात्रअनुसारका हाउभाउ गर्दै कथा प्रस्तुत गर्नुहोस् ।
- बालबालिकालाई पनि पपेटको प्रयोगबाट कथा भन्ने अवसर दिनुहोस् ।

# १२. डोमिनो

डोमिनो बालबालिकाको सिकाइका लागि प्रभावकारी खेल सामग्री हो । यसबाट बालबालिकाले जोडा मिलाउन वा समस्या समाधान गर्न साथै उनीहरूको सबै पक्षको विकास गर्न सहयोग पुग्दछ । बालबालिकाको विकासात्मक चरण अनुरूप डोमिनोको स्तर बढाउन सकिन्छ । यस्तो डोमिनोहरू प्रत्येक विषयवस्तु अनुसारको तयार गर्नु पर्दछ । मुख्यतया : बालविकास केन्द्रमा तीन प्रकारका वा चरणका डोमिनोहरू प्रयोग गरीन्छ । पहिलो चित्र डोमिनो, दोस्रो चित्रअक्षर डोमिनो र तेस्रो अक्षर डोमिनो । यी तीनओटै चरणका डोमिनो तयार गर्दा पहिलो चरणमा जुन जुन चित्रहरू प्रयोग गरीएको छ सोही चित्रहरूकै दोस्रो र तेस्रो स्तर वा चरण तयार गर्नुपर्छ । साथै यसमा पहिलो, दोस्रो र तेस्रो लाइनमा प्रयोग भएकै चित्रहरू दोस्रो र तेस्रोमा प्रयोग गर्नुपर्छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि विभिन्न प्रकारका डोमिनो निर्माण गर्ने छन् ।

## १२.१ चित्र डोमिनो



**आवश्यक सामग्रीहरू**

चित्रहरू ५ जोडा, कैंची १, गम १, कार्टुन १, स्केल १, सेलो बाइन्डिङ टेप ।

**तयारी गर्ने तरिका**

- २x४ को कागजलाई दुई भाग लगाई पहिलो भागमा "सुरु" लेख्नुहोस् वा प्रिन्ट टाँस्नुहोस् । अर्को भागमा कमलको फूलको चित्र टाँस्नुहोस् ।
- यसैगरी अर्को टुक्रालाई दुई भाग लगाउनुहोस् । पहिलोमा कमलको फूल र दोस्रो भागमा सूर्यमुखीको चित्र टाँस्नुहोस् ।
- तेस्रो टुक्रामा पनि दोस्रोमा जस्तै २x४ को टुक्रामा दुईभाग लगाएर पहिलोमा सूर्यमुखी र अर्कोमा गुलाफ यसैगरी ५ ओटा टुक्राहरूमध्ये अन्तिममा एउटा चित्र र "अन्त्य" लेखिएको टाँस्नुहोस् ।
- सबै टुक्रालाई काटुर्नमा गम लगाएर टाँस्नुहोस् । राम्ररी सुकेपछि कार्टुनसहित कैंचीले काटेर टुक्राहरू छुट्याउनुहोस् ।
- वरिपरि रङ्गीन कलमले बोर्डर बनाउनुहोस् ।
- सबै सुकेपछि सबैतिर सेलोटेप लगाउनुहोस् । डोमिनो तयार भयो ।

**प्रयोग विधि**

- बालबालिकालाई जोडामा बसाएर डोमिनो खेल्न दिनुहोस् ।
- जुन विषयवस्तुको सिकाइ भईरहेकको छ, सोही विषयको डोमिनो खेल्न दिनुहोस् ।
- सहजकर्ताले अवलोकन मात्र गर्ने तथा बालबालिका आफैँलाई समस्या समाधान गर्ने अवसर दिनुहोस् । यसका लागि आवश्यकताअनुसार सहयोग पनि गर्नुहोस् ।
- प्रत्येकले पहिलो स्तर पूरा गरेपछि अर्को स्तर थप गर्दै जानुहोस् ।
- बालबालिकाले डोमिनो मिलाएपछि स्याबासी दिनुहोस् ।

## १२.२ चित्र शब्द डोमिनो



**आवश्यक सामग्रीहरू**

चित्रहरूको ५ जोडा चित्रका नामहरू, कैँची १, गम १ ,कार्टुन १, स्केल १, सेलो वाइन्डिङ टेप

## तयारी गर्ने तरिका

- २x४ को कागजलाई दुई भाग लगाई पहिलो भागमा "सुरु" लेख्नुहोस् वा प्रिन्ट टाँस्नुहोस् र अर्को भागमा कमलको फूलको चित्र टाँस्नुहोस् ।
- यसैगरी अर्को टुक्रालाई दुईभाग लगाउनुहोस् र पहिलोमा "कमल" को फूल र दोस्रो भागमा "कमल"को शब्द टाँस्नुहोस् ।
- तेस्रो टुक्रामा पनि दोस्रोमा जस्तै २x४ को टुक्रामा दुई भाग लगाएर पहिलोमा "कमल" शब्द र अर्कोमा "सूर्यमुखी" फूलको चित्र, यसैगरी अर्को टुक्रामा "सूर्यमुखी" लेखिएको शब्द टाँस्नुहोस् ।
- चौथो टुक्रामा पनि "सूर्यमुखी" लेखिएको शब्द र "गुलाफ" फूलको चित्र टाँस्नुहोस् ।
- यसैगरी अन्य टुक्राहरूमा चित्र जोडा र अक्षर जोडा हुने गरेर तयार गर्नुहोस् ।
- सबै टुक्रालाई काटुर्नमा गम लगाएर टाँस्नुहोस् । राम्ररी सुकेपछि कार्टुनसहित कैँचीले काटेर टुक्राहरू छुट्याउनुहोस् ।
- टुक्राहरूमध्ये अन्तिममा शब्द चित्र र "अन्त्य" लेखिएको हुन्छ ।
- सबै टुक्राहरूको वरिपरि रङ्गीन कलमले बोर्डर बनाउँदा पहिलो स्टेप र दोस्रो तहको डोमिनोलाई छुट्टाछुट्टै रङको कलमले बोर्डर बनाउनुहोस् ।
- सबै सुकेपछि सबैतिर सेलो टेपलगाउनुहोस् । चित्र अक्षर डोमिनो तयार भयो ।

## प्रयोग विधि

- बालबालिकालाई जोडामा बसाएर डोमिनो खेल्न दिनुहोस् ।
- जुन विषयवस्तुको सिकाइ भईरहेको छ, सोही विषयको डोमिनो खेल्न दिनुहोस् ।
- यो दोस्रो स्तरको डोमिनो भएकाले पहिले पहिलो स्तरको खेल्न दिने र केही दिनपछि दुवै स्तरको मिसाइदिनुहोस् जसले गर्दा जोडामा खेल्न दिँदा बालबालिकाहरू एकले अर्कालाई सहयोग गर्ने छन् ।
- सहजकर्ताले अवलोकन मात्र गर्ने तथा बालबालिका आफैँलाई समस्या समाधान गर्ने अवसर दिनुहोस् र आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।
- प्रत्येकले पहिलो स्तरमा पूरा गरेपछि अर्को स्तर थप गर्दै जानुहोस् ।
- बालबालिकाले डोमिनो मिलाएपछि स्याबासी दिनुहोस् ।

## १२.३ अङ्क डोमिनो



**आवश्यक सामग्रीहरू**

पहिलो र दोस्रो तहमा राखिएको चित्र र शब्दको नै छनोट गरेर शब्दहरूको ५ जोडा, कैँची १, गम १, कार्टुन १, स्केल १, सेलो बाइन्डिङ टेप

### तयारी गर्ने तरिका

- २x४ इन्चको कागजलाई दुई भाग लगाई पहिलो भागमा "सुरु" लेख्नुहोस् वा प्रिन्ट टाँस्नुहोस् ।
- यसैगरी अर्को टुक्रामा दुईभाग लगाउनुहोस् र पहिलोमा ठुलो थोप्ला र दोस्रो भागमा अङ्क '१' टाँस्नुहोस् ।
- तेस्रो टुक्रामा पनि दोस्रोमा जस्तै २x४ इन्चको टुक्रामा दुईभाग लगाएर पहिलोमा दुई थोप्ला र अर्कोमा अङ्क '२' टाँस्नुहोस् । यसैगरी ५ सम्मका जोडीका टुक्राहरूमध्ये अन्तिममा "अन्त्य" लेखिएको टुक्रा बनाउनुहोस् ।
- सबै टुक्रालाई कार्टुनमा गम लगाएर टाँस्नुहोस् । राम्ररी सुकेपछि कार्टुनसहित कैँचीले काटेर टुक्राहरू छुट्याउनुहोस् ।
- वरिपरि रङ्गीन कलमले बोर्डर बनाउनुहोस् ।
- सबै सुकेपछि सबैतिर सेलो टेप लगाउनुहोस् । डोमिनो तयार भयो ।

### प्रयोग विधि

- बालबालिकालाई जोडामा बसाएर डोमिनो खेल्न दिनुहोस् ।
- जुन विषयवस्तुको सिकाइ भईरहेकको छ, सोही विषयको डोमिनो खेल्न दिनुहोस् ।
- सहजकर्ताले अवलोकन मात्र गर्ने तथा बालबालिका आफैँले समस्या समाधान गर्ने अवसर दिनुहोस् र आवश्यकताअनुसार सहयोग पनि गर्नुहोस् ।
- प्रत्येकले पहिलो स्तरमा पूरागरेपछि अर्को स्तर थप गर्दै जानुहोस् ।
- बालबालिकाले डोमिनो मिलाएपछि स्याबासी दिनुहोस् ।

# १३. नागपास

नागपास बालबालिकाको विकास र सिकाइका लागि प्रभावकारी खेल सामग्री हो । यसबाट बालबालिकाले गन्ती, समस्या समाधान गर्ने, सकारात्मक कार्यले माथि जाने र नकारात्मक कार्यले तल झर्ने जस्ता परिणामहरू बुझ्ने तथा मिलेर खेल्नेसाथै सबै पक्षको विकास हुन्छ । बालबालिकाको विकासात्मक चरणअनुरूप नागपासको पनि स्तर बढाउन सकिन्छ । यो पनि वातावरण विषय जस्तै अन्य विषयवस्तुको पनि तयार गर्न सकिन्छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि नागपास निर्माण गर्ने छन् ।


**आवश्यक सामग्रीहरू**

बोर्ड ६x८ इन्च, सेतो कागज, सेलो टेप, रङ्गीन कलमहरू, फोहर डस्टबिनमा फालेको चित्र, बाहिर फालेको चित्र, जुत्ता मिलाएर राखेको चित्र, मिल्काएको चित्र, विरूवामा पानी हालेको, पात च्यातेको आदि चित्रहरू र इरेजर वा चकलेटको चारकुने बट्टा, १ गम, पुरानो कागज २ पन्ना

**तयारी गर्ने तरिका**

- सेतो कागजमा २० ओटा कोठाहरू बनाई १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, .... गर्दै क्रमशः २० सम्म लेख्नुहोस् ।
- २ देखि ५ वा ७ जोड्ने भऱ्याङ बनाउनुहोस् । यसैगरी अरू खण्डमा पनि उक्लिने भऱ्याङहरू करिब चार ओटा बनाउनुहोस् ।
- करिब चार ओटा जति सर्पहरू माथिल्लो अङ्कमा मुख र तल्लो अङ्कमा पुच्छर पारेर बनाउनुहोस् ।

- सकारात्मक चित्रहरू भऱ्याङको तल्लो खुड्किलामा राख्नुहोस् ।
- नकारात्मक चित्रहरू सर्पको मुखमा राख्नुहोस् ।
- यसलाई गम लगाएर कार्टुनमा टाँस्नुहोस् ।
- सुकेपछि बोर्डर मिलाएर काट्नुहोस् ।
- गाढा रङको कलमले बाहिरी भागमा मोटो धर्का तानेर आकर्षक बनाउनुहोस् ।
- राम्ररी सुकेपछि सेलोटेपले नखुम्चने गरी बेर्नुहोस् ।
- डायस बनाउन इरेजरको बट्टाको बिचमा पुरानो कागज कोचेर नखुम्चने बनाउनुहोस् ।
- यसको वरिपरि सेतो कागजले बेरेर गमले राम्ररी टाँस्नुहोस् ।
- सुकेपछि डायसको जस्तैः १, २, ३, .. गर्दै ६ ओटा थोप्लाहरू सबै साइडमा बनाउनुहोस् ।



**प्रयोग विधि**

- २ वा ३ जना बालबालिकालाई वरिपरि बसाउनुहोस् ।
- सबैलाई १,१ ओटा गट्टा दिनुहोस् ।
- खेलको सजिलो नियम बनाउनुहोस् ।
- डायस हल्लाएर फाल्दा नियमानुसार कतिओटा थोप्ला भएको भाग आँउदा खेल सुरु गर्ने सोको अभ्यास गराउनुहोस् ।
- यसैगरी डायस हान्दै जाने र जतिओटा थोप्ला आँउछ, उति कोठा सार्दै जानुहोस् ।
- डायस हान्दा आउने कोठामा भऱ्याङ भए माथि उक्लिनुहोस् ।
- सर्पको मुखमा परे तल झर्ने गर्दै खेल खेल्न सहयोग गर्नुहोस् ।

## १४. शुभकामना कार्ड

शुभकामना कार्ड कुनै विशेष उत्सव वा चाडवाडमा बनाउन सकिन्छ । यसबाट बालबालिकाको सर्वाङ्गीण विकास हुनुको साथै बालबालिकाले सामाजिक मूल्य मान्यता र सांस्कृतिक महत्त्वका बारेमा पनि सिक्ने छन् ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि शुभकामना कार्ड निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

आमा, बुबा वा साथीको फोटो, चार्टपेपर, सादा कागज, रङ्गीन क्रेयन, कैँची, साइनपेन, गम

**तयारी गर्ने तरिका**

- चार्टपेपरको ६ इन्च लम्बाइ, १२ इन्च चौडाइ भएको टुक्रा लिनुहोस् ।
- त्यसलाई आधा (६ इन्च लम्बाइ, ६ इन्च चौडाइ) पारेर पट्याउनुहोस् ।
- कैँचीको सहायताले छेउ छेउमा मिलाउनुहोस् ।
- शुभकामना कार्ड बनाएपछि भित्री भागमा आमाको वा आफूले चाहेको व्यक्तिको फोटो टाँस्ने अथवा जन्मदिनको कार्ड बनाउने भए जन्मदिन परेको बालबालिकाको फोटो राख्न सकिन्छ ।
- कार्डको सबै छेउहरूमा लहरे बुट्टा बनाउने साइनपेनले, भित्री, बाहिरी, चारैतिर कार्डको पहिलो भाग, बाहिरी भागमा शुभकामना आमा भनी लेख्नुहोस् ।
- भित्री फोटो टाँसेको भागमा मेरी आमा भनी लेख्नुहोस् ।
- अर्को भागमा फूलको चित्र बनाउनुहोस् । यसरी कार्ड तयार भयो ।

**प्रयोग गर्ने तरिका**

- सबै बालबालिकालाई चार्टपेपरको टुक्रा दिनुहोस् ।
- त्यसलाई आधापारी पट्याउन लगाउनुहोस् ।
- शुभकामना कार्डको भित्री भागमा आमाको फोटो टाँस्न लगाउनुहोस् ।
- सबैलाई आफ्नो आमाका बारेमा भन्न लगाउनुहोस् ।
- घर जाने बेलामा आमालाई दिनु भनेर बालबालिकालाई सिकाउनुहोस् ।

यस्ता कार्ड अन्य पर्व उत्सवहरूमा पनि बनाउन सकिन्छ ।

## १५. चङ्गा

चङ्गा असोज कात्तिक महिनामा विशेष दसैँ तिहार जस्ता चाडबाडमा खेलिने भएका यस्तै समय पारेर चङ्गा बनाउन र बालबालिकालाई खेलाउन उपयुक्त हुन्छ । यसबाट बालबालिकाको सर्वाङ्गीण विकास हुनुको साथै बालबालिकाले सामाजिक मूल्य मान्यता र सांस्कृतिक महत्त्वका बारेमा पनि सिक्ने अवसर पाउने छन् ।



### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि चङ्गा निर्माण गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

पेपर, कैँची, सिन्का, गम, धागो, लट्टाई

### सामग्री निर्माण गर्ने तरिका

- काइट पेपरलाई वर्गाकार (१२ इन्च लम्बाइ, ६ इन्च चौडाइ) बनाएर काट्नुहोस् ।
- सिन्कालाई अलिकति बाङ्गो पारेर एक छेउबाट अर्को छेउमा टाँस्नुहोस् ।
- अर्को सिन्कालाई अर्को छेउबाट सिधै पेपरको बिचमा पर्ने गरी टाँसिदिनुहोस् ।
- अब सानो तीनकुने कागजलाई उल्टो पारेर अर्को सानो वर्गाकारको कागज तल छेउमा पर्ने गरी टाँसिदिनुहोस् ।
- अब चङ्गा तयार भयो ।
- चङ्गाको बिचबाट दुईओटा सानो प्वाल पारी धागो छिराउनुहोस् ।
- त्यो धागो लट्टाइको धागोमा बाँध्नुहोस् ।
- सबैलाई पालैपालो उडाउन सिकाउनुहोस् ।

### प्रयोग गर्ने तरिका

- बालबालिकालाई टेबलको वरपर सानो समूहमा राख्नुहोस् ।
- एउटा टेबलमा एउटा चङ्गा बनाउँदा लाग्ने सबै सामग्री राखिदिनुहोस् ।
- उक्त सामग्रीको नाम भनिदिनुहोस् ।
- वर्गाकार काटेको कागज तथा सिन्काहरू दिएर चङ्गा बनाउन लगाउनुहोस् ।
- चङ्गा तयार भएपछि बाहिर चउरमा लगी सबैलाई पालैपालो उडाउन सिकाउनुहोस् ।

# १६. चाडवाड बोर्ड

विशेष उत्सव वा चाडवाडका बारेमा सहजरूपमा सिकाउन चाडवाड बोर्ड प्रभावकारी सामग्री हो । यसबाट बालबालिकाको सर्वाङ्गीण विकास हुनुको साथै बालबालिकाले सामाजिक मूल्यमान्यता र सांस्कृतिक महत्त्वका बारेमा पनि सिक्ने अवसर पाउने छन् ।




**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि चाडवाड बोर्ड निर्माण गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

कार्ड बोर्ड, सादा चार्टपेपर, गम, कैंची, विभिन्न चाडपर्वको तस्बिर, सोहीअनुसार चाडपर्वहरूको नाम लेखिएका शब्द तथा चित्रपत्तीहरू

**बनाउने तरिका**


- कार्डबोर्डलाई १२ इन्च लम्बाइ र १० इन्च चौडाइ हुने गरी काट्नुहोस् ।
- यही आकारमा सादा चार्टपेपर काट्ने र कार्डबोर्डमा टाँस्नुहोस् ।
- विभिन्न चाडपर्व जनाउने चित्रहरूलाई यस बोर्डमा टाँस्नुहोस् ।
- अन्य शब्दपत्ती र चित्रपत्तीहरूलाई सँगै राख्नुहोस् ।

**प्रयोग गर्ने तरिका**

- सबै बालबालिकालाई अर्धगोलाकार बनाएर राख्नुहोस् ।
- बालबालिकाहरूका बिचमा चाडवाडको बोर्ड राख्नुहोस् ।
- कुनै एकजनालाई बोर्डमा भएको चित्रको माथि चित्रपत्ती राख्न लगाउनुहोस् ।
- यसरी बोर्डको सबै चित्र भरिएपछि अर्को जनालाई सोहीअनुरूप चित्र राख्न लगाउनुहोस् ।
- यसै गरी क्रमशः शब्दपत्तीहरू राख्न लगाउन सकिन्छ ।
- यो खेल एक पटकमा ४ जनालाई खेलाउन सकिन्छ ।

## १७. पात्रो वा क्यालेन्डर

पात्रो वा क्यालेन्डर बालबालिकाले घरमा पनि देखिरहेका हुन्छन् । यस्तो सामग्रीको प्रयोगबाट बालबालिकालाई सजिलोसँग दिन, बार गते तथा महिनाको अवधारणा दिन सकिन्छ । साथै यसबाट बालबालिकाले गन्ती गर्न तथा शब्दहरू सिक्न सक्छन् ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि पात्रो वा क्यालेन्डर निर्माण र प्रयोग गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, कालो, निलो र रातो मार्कर, स्केल, पेन्सिल

**बनाउने तरिका**

- एउटा चार्टपेपर लिनुहोस् ।
- त्यसलाई महिनामा भाग गर्ने र १२ महिना छुट्याएर कोठा बनाउनुहोस् ।
- प्रत्येक महिनालाई फेरि ७ बार र गतेमा छुट्याएर कोठा बनाउनुहोस् ।
- अर्को पात्रो वा क्यालेन्डरको सहयोगले बार र गते मिलाएर सार्नुहोस् ।
- शनिबारलाई रातो लगाउने र अन्य चाडवाडलाई निलो रङले लेख्नुहोस् ।
- एउटा चार्टपेपरमा एउटा मात्र महिना पनि राख्न सकिन्छ ।

**प्रयोग गर्ने तरिका**

- भित्तामा टाँसेको क्यालेन्डर वा पात्रो हेर्न लगाउनुहोस् ।
- प्रत्येक दिन एकजना बालक वा बालिकालाई उठाएर आज कुन महिना हो ? आज के बार हो ? आज कति गते हो ? भनेर सोध्नुहोस् ।
- बालबालिकालाई हातले क्यालेन्डर वा पात्रोमा लेखेको बार र गते देखाउन लगाउनुहोस् ।

## १८. घडी

घडी बालबालिकाको सिकाइका लागि सहजै पाइने र प्रभावकारी सामग्री हो । यसबाट बालबालिकाले समयको ज्ञान, अङ्कको ज्ञान, गणित वा गन्तीको सहज सिकाइ हुन्छ । साथै समयको अवधारणा र त्यस समयमा गर्ने काम आदिको धारणाको विकास गर्न सहज हुन्छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि घडी निर्माण र प्रयोग गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, काठका सिन्का, क्लिप पिन, पेपर प्लेट, गम, कैँची, धागो, मार्कर, वा रङ्गीन साइनपेन ।

**बनाउने तरिका**

- चार्टपेपरलाई गोलो बनाएर काट्नुहोस् । गोलाकारको व्यास १० इन्च हुनुपर्ने छ ।
- साइनपेनले वरिपरि बोर्डर बनाउनुहोस् ।
- गोलाकारको माथिपट्टि १२ र मुनीपट्टि ६ लेख्नुहोस् । घडी घुम्ने दिशामा क्रमशः बराबरको दुरी राखेर १ देखि १२ भर्नुहोस् ।
- अब घडीको मध्यबिन्दुमा चिह्न लगाउनुहोस् ।
- तीनओटा काठका सिन्का लिनुहोस् । सिन्कालाई तीन भिन्न आकार र लम्बाइ क्रमशः लामो सबैभन्दा मसिनो, छोटो सबैभन्दा मोटो र बिचको बनाएर काट्नुहोस् ।
- तीनओटै सिन्कालाई मध्यबिन्दुमा क्लिप पिनको सहयोगले अड्याउनुहोस् ।
- घडी तयार भयो । यसलाई कार्डबोर्डमा टाँसेर बलियो बनाउन सकिन्छ ।


**प्रयोग गर्ने तरिका**

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- घडीका बारेमा भन्न लगाउनुहोस् ।
- घडीका काँटाहरू यताउता पार्दै कति बज्यो भनेर सोध्नुहोस् ।
- यो समयमा हामी के गर्छौं भनेर सोध्नुहोस्, जस्तैः बिहानको १० बजे, दिउँसोको ३ बजे, राती ८ बजे आदि ।
- अनि सबै जनालाई घडी बनाउन दिनुहोस् ।
- सबै जनालाई रङ्गीन मार्कर र पेपर प्लेट दिनुहोस् ।
- प्लेटको माथीपट्टि १२ र मुनीपट्टि ६ लेख्न लगाउनुहोस् ।
- १२ लेखेको पट्टि पेपरको दुईओटा खुट्टा बनाएर टाँस्न लगाउनुहोस् ।
- ६ र १२ को छेउ भागमा बिचमा पारी दुईओटा हातहरू टाँसिदिनुहोस् ।
- हातहरू टाँसेको पेपर प्लेटको ठाँउमा ३ र ९ लेख्न लगाउनुहोस् ।
- यसरी पेपर प्लेट टेडी घडीको पेटको रूपमा पर्दछ ।
- घडीमा बाँकी अङ्क लेख्न लगाउनुहोस् ।
- टेडी घडी तयार हुन्छ ।
- घडीमा घण्टाका बारेमा बालबालिकालाई बताइदिनुहोस् ।
- बालबालिकालाई ताली बजाउन लगाउनुहोस् ।

---

## १९. जन्मदिन चार्ट

बालबालिकालाई आफू र आफ्नो बारेमा सहजरूपमा सिकाउन जन्मदिन चार्ट प्रभावकारी सामग्री हो । यसबाट बालबालिकाले आफू जन्मेको दिन, महिना र आफ्नो बारेमा थाहा पाउने र बताउने छन् ।



### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि जन्म दिनको चार्ट निर्माण र प्रयोग गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

चार्टपेपर, कालो, निलो र रातो मार्कर, स्केल, पेन्सील, बालबालिकाको सानो फोटो ।

### बनाउने तरिका

- एउटा चार्टपेपर लिनुहोस् ।
- सबै बालबालिकाको जन्म मिति, महिना र गते टिप्नुहोस् ।
- धागोमा बाँधेको बेलुन उडे जस्तो गरेर चार्टपेपरमा बनाउनुहोस् ।
- प्रत्येक धागोमा गते र महिना लेख्ने अनि बेलुनमा फोटो टाँस्नुहोस् ।
- यसरी सबै बालबालिकाको जन्मदिनको चार्ट तयार हुन्छ ।

### प्रयोग गर्ने तरिका

- प्रत्येक दिन बालबालिकालाई महिना, गते र बार सोधेपछि जन्मदिनको चार्ट हेर्न लगाउनुहोस् ।
- आज कसको जन्मदिन भनेर सोध्नुहोस् वा त्यो महिनामा अरु ककसको जन्मदिन पर्दछ, छलफल गराउनुहोस् ।
- जन्मदिन परेका बालबालिकालाई बधाई तथा शुभकामना दिन लगाउनुहोस् ।
- जन्मदिन मनाउन थप क्रियाकलाप के के गर्न सकिन्छ, छलफल गर्दै बालबालिकालाई सहभागी गराउनुहोस् ।

---

## २०. समय र कामको चार्ट



समय र कामको चार्ट सिकाइका लागि सहजै पाइने र प्रभावकारी सामग्री हो । यसबाट बालबालिकाले समयको ज्ञान, अङ्कको ज्ञान, र त्यस समयमा के के गरीन्छ भनेर कामको ज्ञान पनि सहजै सिकाउन सकिन्छ । साथै समयको अवधारणा र त्यस समयमा गर्ने काम आदिको जानकारी भई असल व्यवहारको विकास गर्न सहज हुन्छ ।

### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि समय र कामको चार्ट निर्माण र प्रयोग गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

चार्टपेपर, गम, कैँची, समय र काम जनाउने चित्रहरू, मार्कर वा रङ्गीन साइनपेन ।

### बनाउने तरिका

- एउटा चार्टपेपर लिनुहोस् र बिचमा सीधा धर्का तानेर दुई भागमा बाँड्नुहोस् ।
- चार्टपेपरको बाँया (देब्रे) तिर निश्चित समय जनाउने घडीको चित्र टाँस्ने वा घडी बनाउनुहोस् ।
- चार्टपेपरको दाँया (दाहिने) तिर बाँयापट्टिको घडीले देखाएको समयमा गरीने कामको चित्र टाँस्नुहोस् । जस्तो बिहानको ७ बजे घडीमा राखिएको छ भने त्यस समयमा बालबालिकाले गर्ने काम हातमुख धुँदै गरेको चित्र राख्नुपर्दछ ।
- यसै गरी चार्टपेपरमा दिनभरिमा गरीने केही मुख्य मुख्य कामहरूको चित्र टाँस्नुहोस् ।

### प्रयोग गर्ने तरिका

- प्रत्येक दिन बालबालिकालाई समय र कामको चार्ट हेर्न लगाउनुहोस् ।
- त्यो चार्टमा देखाए जस्तो काम उनीहरूले गरे कि गरेका छैनन्, सोध्नुहोस् ।
- त्यो चार्टमा देखाएको समयमा नै गरे कि त्यसभन्दा ढिलो वा छिटो गरे सोध्नुहोस् ।
- किन र कसरी जस्ता प्रश्न गर्दै बालबालिकालाई त्यो समय चार्टअनुसार काम गर्न हौसला दिने र प्रोत्साहित गर्नुहोस् ।

---

## २१. झन्डा

राष्ट्र, राष्ट्रियता र नेपालका बारेमा सिकाउन यो सामग्री आवश्यक हुन्छ । बालबालिकाले देशको झन्डा चिन्छन् र यसको सम्मान गर्न सिक्नेछन् ।

### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि झण्डा निर्माण र प्रयोग गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

सिन्का, सादा कागज, गम, रङ, कैँची, सिसाकलम, स्केल



### बनाउने तरिका

- सबै बालबालिकालाई गोलो समूहमा राख्नुहोस् ।
- छलफल गर्ने, नेपालको झन्डा देखाउने, नेपालको झन्डाको रङ, झन्डाको आकार कस्तो छ ? झन्डाभित्र देखाउँदै माथि के चिह्न छ ? झन्डाको मुनि के चिह्न छ ? भनेर सोध्नुहोस् ।
- कागजमा नेपालको झन्डाको चित्र बनाउनुहोस् ।
- चित्रमा सूर्य र चन्द्रको चित्र कोर्नुहोस् ।
- चित्र आकारमा रातो र निलो रङ भर्नुहोस् ।
- झन्डाको आकारका लागि चित्रको छेउछाउमा काट्नुहोस् ।
- एकातिरको लामो सिधा भागमा सिन्का टाँस्नुहोस् ।
- सबैले बनाई सकेपछि ताली बजाएर प्रशंसा गर्नुहोस् ।

### प्रयोग गर्ने तरिका

- सबै बालबालिकालाई गोलो समूहमा राख्नुहोस् ।
- छलफल गर्ने, नेपालको झन्डा देखाउनुहोस्, नेपालको झन्डाको रङ, झण्डाको आकार कस्तो छ ? झन्डाभित्र देखाउँदै यसको माथि के चिह्न छ ? झन्डाको मुनि के चिह्न छ ? सबैलाई सोध्ने ।
- नेपालको झन्डाको चित्र कोरेको कागज दिनुहोस् ।
- सूर्य र चन्द्रको चित्रमा रङ लगाउन दिनुहोस् ।
- चित्र आकारमा रातो र निलो रङ भर्नुहोस् ।
- एकातिरको लामो सिधा भागमा सिन्का टाँस्न सिकाउनुहोस् ।
- सबैले बनाई सकेपछि ताली बजाएर प्रशंसा गर्नुहोस् ।

## २२. हाम्रो वेषभूषा बोर्ड

बालबालिकालाई विभिन्न प्रकारका लुगा कपडा, सधैं लगाउने, विशेष उत्सव वा चाडवाडमा लगाउने र फरकफरक मौसममा लगाउने कपडा तथा विभिन्न जातजाति र समुदायले लगाउने कपडाका बारेमा सहज रूपमा सिकाउन हाम्रो वेषभूषा बोर्ड प्रभावकारी सामग्री हो । यसबाट बालबालिकाको सर्वाङ्गीण विकास हुनुको साथै बालबालिकाले सामाजिक विविधिता र सांस्कृतिक महत्त्वका बारेमा पनि सिक्ने अवसर पाउनेछन् ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि वेषभूषा बोर्ड निर्माण र प्रयोग गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

विभिन्न जातजातिको लुगाकपडाको चित्रपत्ती, गरगहनाको चित्रपत्ती

**बनाउने तरिका**

- बालबालिकालाई गोलो समूहमा राख्नुहोस् ।
- विभिन्न जातिका लुगाकपडाको चित्रपत्ती र गरगहनाको चित्रपत्तीका बारेमा छलफल गर्नुहोस् ।
- कार्डबोर्डलाई १० इन्च लम्बाइ र १२ इन्च चौडाइ हुने गरी काट्नुहोस् ।
- यही आकारमा सादा चार्टपेपर काट्ने र कार्डबोर्डमा टाँस्नुहोस् ।
- विभिन्न जातजातिका लुगाकपडाको चित्र यस बोर्डमा टाँस्नुहोस् ।
- अन्य शब्दपत्ती र चित्रपत्तीहरूलाई सँगै राख्नुहोस् ।

**प्रयोग गर्ने तरिका**

- बालबालिकालाई गोलो समूहमा राख्नुहोस् ।
- विभिन्न जातजातिका लुगाकपडाको चित्रपत्ती र गरगहनाको चित्रपत्तीका बारेमा छलफल गर्नुहोस् ।
- बालबालिकालाई हाम्रो वेषभूषा बोर्ड दिनुहोस् ।
- पालैपालो विभिन्न जातजातिका गरगहनाको चित्रपत्ती छानेर बोर्डमा भएको चित्रसँग मिल्ने गरी चित्रपत्ती जोडा मिलाउन लगाउनुहोस् ।
- सबै बालबालिकाले पालैपालो जोडा मिलाइसकेपछि जोडा मिलाउँदा कस्तो लाग्यो ? कुन कपडा र गरगहना मनपऱ्यो ? किन ? जस्ता प्रश्नमा छलफल गर्ने र ताली बजाउन लगाउनुहोस् ।

## २३. नक्सा

आफ्नो वरिपरि पाइने बालुवा, माटो आदिको प्रयोग गरी बालबालिकालाई विषयवस्तुमा आधारित विभिन्न ज्ञान तथा सिपहरू सिकाउन सकिन्छ । बालुवा यसका लागि सजिलै पाइने र प्रभावकारी सामग्री हो ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि बालुवाको प्रयोग गर्ने छन् ।

**आवश्यक सामग्रीहरू**

चालेको मसिनो बालुवा, सिसाकलम, फेविकल, चार्टपेपर

### बनाउने तरिका

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- कार्डबोर्ड पेपरमा सिसाकलमले नेपालको नक्सा कोर्नुहोस् ।
- बालबालिकालाई उक्त नक्सा दिने र बालुवा भर्न लगाउनुहोस् ।

### प्रयोग गर्ने तरिका

- बालबालिकालाई गोलो घेरामा राख्नुहोस् ।
- सिसाकलमले नेपालको नक्सा कोरेको कार्डबोर्ड पेपर सबैलाई दिनुहोस् ।
- नक्सा भित्र फेबिकोल दल्नुहोस् ।
- बालबालिकालाई उक्त नक्सामा बालुवा भर्न लगाउनुहोस् ।
- चालेको बालुवाको नक्साभित्र पर्ने गरी बिस्तारै एकनासले छर्न लगाउनुहोस् ।
- अब सुकाउने र हात धुन लगाउनुहोस् ।
- ताली बजाएर प्रशंसा गर्नुहोस् ।

---

## २४. राष्ट्रिय चिह्नको चित्र जोडी

खेलका माध्यमबाट बालबालिकालाई देशका बारेमा जानकारी दिदैं राष्ट्रिय चिह्नका बारेमा सिकाउन सकिन्छ । यसका लागि चित्र जोडा मिलाउने खेल प्रभावकारी हुन्छ ।



### उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि राष्ट्रिय चिह्नको प्रयोग गर्ने छन् ।

### आवश्यक सामग्रीहरू

लालीगुँरासको जोडी चित्र, राष्ट्रिय पोसाकको जोडी, गाईको जोडी चित्र, डाँफेको जोडी चित्र, ऊनी धागो, सादा कागज, गम, कार्डबोर्ड ।

### बनाउने तरिका

- सादा कागजमा सबै चित्रहरू अलग अलग टाँस्नुहोस् । उक्त कागजलाई कार्डबोर्डमा टाँस्नुहोस् ।
- सबै चित्रहरूको दुई छेउमा उनी धागो छिराउने र माला बनाउनुहोस् ।
- बालबालबालिकालाई जोडी बनाउने र माला लगाई दिनुहोस् ।

### प्रयोग गर्ने तरिका

- सबै बालबालबालिकालाई जोडी बनाउनुहोस् ।
- कुनै ६ जोडीलाई माला चित्र छातीतिर पर्ने गरी लगाइदिने र अरु ६ जनालाई ढाडमा चित्र पर्ने गरी माला लगाइदिनुहोस् ।
- सबै जोडीलाई मिसाइदिने र सबै जोडीलाई आफ्नो जोडी चित्र खोज्न लगाउनुहोस् ।
- यसरी ६ ओटा जोडीकै जोडा मिलेपछि अर्को जोडी समूहलाई पालो दिनुहोस् ।
- सबैले पालैपालो खेल खेलेपछि ताली बजाएर प्रशंसा गर्नुहोस् ।

---

## २५. विषयवस्तुमा आधारित शिक्षणका लागि स्थानीय रूपमा बनाउन सकिने केही सामग्रीहरू

विषयवस्तुमा आधारित शिक्षणका लागि प्रयोग गरीने फ्ल्यासकार्ड, वर्कसिट, थ्रेडिङ बोर्ड, अङ्क बोर्ड, जोडापत्ती आकृति र यी सामग्रीद्धारा गराइने विकासात्मक तथा आधारभूत सिकाइका क्रियाकलापका बारेमा विस्तृत जानकारी दिइएको छ । विषयवस्तुलाई केन्द्रित गरी चित्र फ्ल्यासकार्ड, शब्द फ्ल्यासकार्ड, अक्षर फ्ल्यासकार्ड तयार गरी सिकाउनका लागि यसलाई प्रभावकारी सामग्रीको रूपमा लिइएको छ र यसबाट बालबालिकाले अक्षर शब्द चिनेर उच्चारण गर्नका साथै पूर्व पढाई तथा लेखाइका लागि सिप विकास गर्न मद्दत गर्दछ । यस खण्डमा यातायात विषयवस्तुको उदाहरण दिइएको छ ।



**उद्देश्य**

प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाका लागि विषयवस्तुमा आधारित रही एकीकृत सिप विकासका लागि विभिन्न सामग्रीको निर्माण र प्रयोग गर्न छन् ।

## २५.१ विषयवस्तुमा आधारित फ्ल्यासकार्ड

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कार्डबोर्ड ।

### तयार गर्ने तरिका

- ५ इन्च x ५ इन्च साइजको चार्टपेपरमा कुनै पनि उपशीर्षकमा आधारित कम्तीमा ४ वा ५ ओटा चित्रहरू छुट्टाछुट्टै बनाउनुहोस् । यसैगरी **शब्द फ्ल्यासकार्ड र अक्षर फ्ल्यासकार्ड** बनाउनुहोस् ।
- यस पुस्तकमा बनाइएको नमुना विषयवस्तुअनुसारको चार ओटा चित्रमा वास्तविक र गाढा रङ भर्नुहोस् ।
- चार ओटै चित्रहरूलाई कुट, कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- टाँसेको चित्रको फ्ल्यासकार्डको वरिपरि मार्कर वा साइन पेनले बोर्डर बनाउनुहोस् ।
- सम्बन्धित चित्रअनुसार ठुलो अक्षरमा शब्द तथा अक्षर लेखिएको फ्ल्यासकार्ड तयार गर्नुहोस्, (शीर्षकगत विषयवस्तु) जस्तै : "यातायातका किसिम तथा प्रयोग"

### प्रयोग गर्ने तरिका

- उपशीर्षक (विषयवस्तु चिनारी) गराउनका लागि बालबालिकाहरूलाई अर्धचन्द्राकार गरी बस्न लगाउनुहोस् ।
- फ्ल्यासकार्ड बालबालिकालाई देखाउनुहोस् ।
- फ्ल्यासकार्डमा उल्लिखित चित्र, शब्द र अक्षरलाई देखाएर सोध्ने र छलफल गर्नुहोस् ।
- चित्रअनुसारको वास्तविक वा ठोस वस्तु पनि देखाएर छलफल गर्नुहोस् ।
- यातायात विषयको अक्षरलाई बालबालिकाहरूलाई क्रेयन रङले भर्न लगाउने र उच्चारण गराउनुहोस् ।
- यस्तै प्रकारले प्रत्येक उपशीर्षकअनुसार विषयवस्तु तयार गरी विषयवस्तुको परिचयका लागि बालबालिकालाई फ्ल्यासकार्ड देखाइ छलफल गर्नुहोस् ।

## २५.२ विषयवस्तुमा आधारित वर्कसिट



**आवश्यक सामग्रीहरू**

चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कैँची, कार्डबोर्ड ।

### तयार गर्ने तरिका


- ८x११ इन्च साइजको चार्टपेपरमा यातायात शीर्षकमा आधारित यातायातसम्बन्धी साधनको चित्र (रङ लगाएको र नलगाएको नमुना तल दिइएको छ) ।
- सोअनुसारको कार्डबोर्डमा चार ओटा चित्रमा वास्तविक र गाढा रङ भर्नुहोस् ।
- चारओटै चित्रहरूलाई कुट, गत्ता वा कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- टाँसेको चित्रको बोर्डको वरिपरि मार्कर वा साइन पेनले बोर्डर बनाउनुहोस् ।

### प्रयोग गर्ने तरिका

- यातायात विषयको चिनारी गराउनका लागि बालबालिकालाई अर्धचन्द्राकार गरी बस्न लगाउनुहोस् ।
- यातायातको चित्रबार्ड बालबालिकालाई देखाउनुहोस् ।
- उल्लिखित चित्र, शब्द र अक्षरलाई देखाएर सोध्ने र छलफल गर्नुहोस् ।
- चित्रअनुसारको वास्तविक वा ठोस वस्तु पनि देखाएर छलफल गर्नुहोस् ।
- यातायात विषयको चित्र बोर्डलाई बालबालिकालाई क्रेयन रङले भर्न लगाउने र उच्चारण गराउनुहोस् ।
- यस्तै प्रकारले प्रत्येक उपशीर्षकअनुसार (विषयवस्तु तयार गरी विषयवस्तुको परिचयका लागि बालबालिकालाई चित्रबोर्डमा रङ लगाएर देखाई छलफल गर्नुहोस् ।

## २५.३ चित्र र शब्द वर्कसिट


तलका चित्र चिन र के का चित्र हुन् भन । साथीसँग छलफल गर ।



हवाईजहाज




बस




रेल



साईकल




डुङ्गा



घोडा

## २५.४ अक्षर वर्कसिट

अक्षरमा रङ भर्नुहोस् र भन्नुहोस् ।




## २५.५ विषयवस्तुमा आधारित अङ्क बोर्ड



### आवश्यक सामग्रीहरू
चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कैँची, कार्डबोर्ड ।

### तयारी गर्ने तरिका
- ८X११ इन्च साइजको चार्टपेपरमा यातायात शीर्षकमा आधारित यातायातसम्बन्धी साधनको चित्र (रङ लगाएको र नलगाएको नमुना तल दिइएको छ) ।
- कुनै पनि विषयवस्तुसँग सम्बन्धित गराई चित्र र अङ्क बोर्ड तयार गर्नुहोस् ।
- चित्रमा रङ भरी कार्डबोर्डमा टाँस्नुहोस् ।
- चित्रहरूलाई कुट, कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- टाँसेको चित्रको बोर्डको वरिपरि मार्कर वा साइन पेनले बोर्डर बनाउनुहोस् ।

### प्रयोग गर्ने तरिका
- बालबालिकाको सानो समूह बनाएर हेर्न लगाउनुहोस् ।
- उल्लिखित चित्र, चिह्न र अङ्कलाई देखाएर सोध्ने र छलफल गर्नुहोस् ।
- यातायात विषयको अङ्क बोर्डलाई बालबालिकालाई क्रेयन रङले भर्न लगाउने र उच्चारण गराउनुहोस् ।
- यस्तै प्रकारले प्रत्येक उपशीर्षकअनुसार (विषयवस्तु तयार गरी विषयवस्तुको परिचयका लागि बालबालिकालाई अङ्कबोर्डमा रङ लगाएर देखाइ छलफल गर्नुहोस् ।
- कतिओटा बस, त्यतिनै वस्तु राख्नुहोस्, रङ भर्नुहोस् र गन्नुहोस् ।

## २५.६ विषयवस्तुमा आधारित आकार बोर्ड

**आवश्यक सामग्रीहरू**

चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कैँची, कार्डबोर्ड र आकारको चित्र ।

### तयारी गर्ने तरिका


- ५ इन्च x ५ इन्च साइजको चार्टपेपरमा आकारको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- चित्रमा रङ भरी हार्डबोर्डमा टाँस्नुहोस् ।
- चित्रहरूलाई कुट, गत्ता वा कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- आकार चित्रको (५ इन्च X ५ इन्च) बोर्डको वरिपरि मार्कर वा साइन पेनले बोर्डर बनाउनुहोस् ।

### प्रयोग गर्ने तरिका

- बालबालिकाको सानो समूह बनाएर हेर्न लगाउनुहोस् ।
- उल्लिखित चित्र, चिह्न र अङ्कलाई देखाएर सोध्ने र छलफल गर्नुहोस् ।
- बालबालिकालाई क्रेयन रङले आकारमा भर्न लगाउने र उच्चारण गराउनुहोस् ।

**बसको बनोट कुन आकारसाग मिल्छ, दाजेर भन्नुहोस् ।**





गोलाकार



त्रिभुज



आयाताकार



वर्गाकार

## २५.७ विषयवस्तुमा आधारित थ्रेडिङ बोर्ड



### आवश्यक सामग्रीहरू

चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कैँची, कार्डबोर्ड, कुनै पनि विषयको चित्र, मोटो कलर धागो, प्वाल पार्नका लागि २ देखि ३ इन्चको किला ।


### तयार गर्ने तरिका

- १० इन्च X १० इन्च साइजको चार्टपेपरमा आकारको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- चित्रहरूलाई कुट, गत्ता वा कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- चित्रको वरीपरी २ इन्चको दुरीमा किलाले प्वाल बनाउनुहोस् ।
- चित्रको साइजअनुसारको धागोको दुवै टुप्पामा मोम पगालेर तिखो बनाउनुहोस् ।

### प्रयोग गर्ने तरिका

- यस्ता धेरै प्रकारका चित्र भएको थ्रेडिङ बोर्ड तयार गर्ने र बालबालिकाको सानो समूह बनाएर हेर्न लगाउनुहोस् ।

### थ्रेडिङ बोर्ड (१०X१० इन्च)




## २५.८ विषयवस्तुमा आधारित जोडापत्ती आकृति

















**आवश्यक सामग्रीहरू**

चार्टपेपर, साइन पेन, पर्मानेन्ट मार्कर, सिसाकलम, इरेजर, कलर, फेबिकोल, कैँची, कार्डबोर्ड, कुनै पनि विषयको चित्र ।

**तयारी गर्ने तरिका**

- ५ इन्च X ५ इन्च साइजको चार्टपेपरमा आकारको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- चित्रहरूलाई कुट, कार्डबोर्डमा फेबिकोल वा गमले राम्ररी टाँस्नुहोस् ।
- तल दिइएको संकेतअनुसार चित्र काट्नुहोस् ।

**प्रयोग गर्ने तरिका**

- यस्तो धेरै प्रकारका चित्र भएको चित्रकार्डहरू तयार गर्ने र बालबालिकाको सानो समूह बनाएर हेर्न लगाउनुहोस् ।
- जोडा मिलाउन लगाउनुहोस् ।
- प्रत्येक बालबालिकाले जोडा मिलाएको आकृतिलाई देखाइ छलफल गराउने र त्यो यातायात साधनको नाम भन्न लगाउनुहोस् ।
- यातायात साधनको आकार प्रकार भन्न लगाउनुहोस् ।
- चक्का गन्न लगाउनुहोस् ।
- के बाट चल्छ भनेर सोध्नुहोस् ।
- ट्राफिक नियम सोध्न लगाउनुहोस् ।

***नोट : उपर्युक्त सबै क्रियाकलाप गराउँदा वा बालबालिकाले जिज्ञासा राख्दा बालबालिकालाई स्याबास, हौसला वा थपडी बजाएर प्रशंसा गर्नुहोस् ।***

**सामग्रीको नाम, विषयवस्तुअनुसार प्रयोग गर्न सकिने विषयक्षेत्रहरू र हासिल गर्न सकिने सिपहरू**

| सामग्री | प्रयोग गर्न सकिने विषयक्षेत्र | हासिल गर्न सक्ने सिपहरु |
|---|---|---|
| चित्रपत्ती, अक्षरपत्ती, चित्र वा अक्षर चार्ट र डाइस, हाम्रो टिभी, ब्रोसर कार्ड, कविता गीतपत्ती, खाद्य शृङ्खला चार्ट, थोप्ले चित्र कार्ड, कागजको सिन्का, चित्र पजल, पपेट, डोमिनो, बालुवाको नक्सा, हाम्रो वेषभूषा बोर्ड, समय र कामको चार्ट, जन्म दिनको चार्ट, झन्डा बनाउन, जोडी मिलाई खेल, घडी, चाडवाड बोर्ड, चङ्गा, शुभकामना कार्ड, जोडापत्ती, थ्रेडिङ बोर्ड, आकार बोर्ड, चित्र शब्द फ्ल्यासकार्ड, स्थानीय ढुङ्गाको गोटी, यातायातका साधन, **पपेट** : सिन्के चित्र पपेट, हाते पपेट, विषयवस्तुअनुसारको हाते पपेट, औंले पपेट, धागो पपेट, **डोमिनो** : चित्र डोमिनो, चित्र शब्द डोमिनो, अङ्क डोमिनो, नागपास, घर पजल | **म र मेरो परिवार** : म र मेरो शरीर, म र मेरो साथी, म र मेरो परिवार, मेरो बाल विकास केन्द्र<br><br>**मेरो ठाउँ** : मेरो घर, विभिन्न प्रकारका घरहरू, मेरा छिमेकी, विभिन्न पेसा, मेरो ठाउँको विशेषता<br><br>**हाम्रो चाडपर्व** : मेरो घरमा मनाइने चाडपर्वहरू, साथी/छिमेकीको घरमा मनाइने चाडपर्वहरू, हामीले मन पराउने पर्वहरू, विभिन्न चाडपर्व र राष्ट्रिय पर्व<br><br>**हाम्रो वातावरण** : हावा, पानी र माटा, बोटबिरूवा र फलफूल, जनावर, पन्छी र किराफट्यांग्रा, खेतीपाती, वरपरको जमिनको बनोट,<br><br>**यातायात** : यातायातको किसिम, यातायातको प्रयोग, ट्राफिक नियमको सामान्य जानकारी | शारीरिक सिप, संवेगात्मक सिप, सामाजिक, सांस्कृतिक र नैतिक सिप, बौद्धिक तथा मानसिक सिप, स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप, सिर्जनात्मक सिप, भाषिक सिप, पूर्वगणितीय सिप, दृश्यकला, कार्यतरिका र सिर्जनशीलता, वातावरण विज्ञान |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर